# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक २४५ | काठमाडौं | बिहीबार, १९ पुस २०८० | Prabhab National Daily | Thursday, January 4, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# शीर्ष दलका नेतालाई ज्ञानेन्द्रको 'काउन्टर'

- भारतीय विदेशमन्त्री नेपाल एस जयशंकर आउनुपूर्व राजसंस्थाको मुद्दामा तरंगित बनाउन पूर्वराजाले नेताहरूलाई छलफलका लागि डाकेको बताइएको छ
- तीन दिनअघिमात्र शीर्ष तीन दलका तीन नेताले राजतन्त्रबारेको बहस बेकार भएको बताएका थिए
- भैरहवामा पूर्वराजा ज्ञानेन्द्रसँग राजसंस्था र हिन्दू अधिराज्य पुनःस्थापनाका विषयमा गहन विमर्श भएको राप्रपा नेताहरूले बताएका छन्



**पूर्वराजा ज्ञानेन्द्र शाहसँगको भेटका क्रममा सामूहिक तस्बिर लिँदै राप्रपाका नेताहरू ।** *तस्बिरः सामाजिक सञ्जालबाट*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** केही समयअघि कोशीमा अभिनन्दन लिन उत्रेका पूर्वराजा ज्ञानेन्द्र शाह हिजोआज लुम्बिनीमा छन् । मंगलबारमात्र नवलपरासीको बर्दघाट कालिका मन्दिरमा अभिनन्दन लिएका शाहले बुधबार राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का शीर्ष नेताहरूलाई भैरहवा डाकेर छलफल गरेका छन् । भारतीय विदेशमन्त्री नेपाल एस जयशंकर आउनुपूर्व राजसंस्थाको मुद्दामा तरंगित बनाउन पूर्वराजाले नेताहरूलाई छलफलका लागि डाकेको बताइएको छ ।

भैरहवाको सिद्धार्थ भिलासा होटलमा अड्डा जमाएर बसिरहेको शाहले राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनसहित पाँच नेतासँग बुधबार दुई घण्टा छलफलसमेत गरे । पूर्वराजा शाहले भेटमा देशको आर्थिक संकटबारे चिन्तासमेत जनाएको राप्रपाका उपाध्यक्ष बुद्धिमान तामाङले बताए ।

'आर्थिक मन्दीको बारेमा चासो राख्नुभयो । रिपोर्ट सुध्रियो भन्छन् तर मैले यस्तो देखेको छैन भन्नुभयो,' उपाध्यक्ष तामाङले भने । नेपालमा रोजगारी नपाउँदा नेपाल वृद्धहरूको देश बन्न लागेकोमा पनि शाहले चिन्ता जनाएको उनको भनाइ थियो । 'नेपाल वृद्धहरूको देश बन्ने भयो । यसरी देश कसरी बन्ला ? क्रिमक्रिमले युवाले देश छाड्ने भो । बालबच्चा र वृद्धहरूको देश हुने भयो भनेर चिन्ता जनाउनुभयो,' उपाध्यक्ष तामाङले भने ।

### शीर्ष दलका शीर्ष नेतालाई काउन्टर

पुस १६ गते प्रज्ञा भवनमा नेपाली कांग्रेसले आयोजना गरेको मेलमिलाप दिवसमा शीर्ष दलका नेताले राजतन्त्र फर्कनै नसक्ने विषय भएको बताएका थिए । त्यसको दुई दिन नबित्दै पूर्वराजाले राजसंस्थाबारे छलफल गर्न राप्रपाका नेताहरूलाई भैरहवामा डाकेको बुझिएको छ ।

राजसंस्थाबारे छलफलका लागि राप्रपा अध्यक्ष लिङ्देन, वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, उपाध्यक्ष तामाङ, र केन्द्रीय सदस्य दीपकबहादुर सिंहलाई भैरहवा डाकेका हुन् । नेताहरू बुधबार नै काठमाडौं फर्किसकेका छन् । महामन्त्री धवलशमशेर राणा भने पूर्वराजालाई अभिनन्दनका लागि व्यवस्थापनमा खटिएका छन् ।

राप्रपाको पुस ३ गते सम्पन्न केन्द्रीय समिति बैठकले संघीयता खारेजी र राजसंस्था पुनःस्थापनाको माग गर्दै बृहत् आन्दोलन गर्ने निर्णय गरेको थियो । आन्दोलनको तयारीका लागि पुस र माघमा देशैभर व्यापक सभा गर्ने तथा फागुनमा मेची–महाकाली एकता यात्रा र उपत्यका केन्द्रित प्रदर्शन गर्ने निर्णय गरेको पृष्ठभूमिमा ज्ञानेन्द्रले राप्रपाका नेताहरूलाई सामूहिकरूपमा भेट्नुलाई अर्थपूर्णरूपमा लिइएको छ ।

(क्रमशः पृष्ठ २ मा)

## राष्ट्रिय सभा निर्वाचन

# 'शून्य' बाट जोगिन गठबन्धनको साथ खोज्दै एमाले

■ **जेबी योञ्जन**

- २० फागुनमा २० जना राष्ट्रिय सभा सदस्यको पदावधि सकिँदै
- गठबन्धनले मात्रै चुनाव लडे एमाले शून्य हुनसक्ने
- एमालेसँग चुनावमा सहकार्य गर्ने गठबन्धनको तयारी
- गणतन्त्रविरोधीहरूलाई जवाफ दिन गठबन्धन–एमाले सहकार्यको प्रयास




**काठमाडौं–** आसन्न राष्ट्रिय सभा निर्वाचनमा सत्ता गठबन्धन बलियो अवस्थामा देखिन्छ । सबै प्रदेशमा सत्ता गठबन्धनका उम्मेदवार विजयी हुने देखिएपछि प्रमुख विपक्षी दल नेकपा एमाले यतिखेर तनावमा छ ।

अघिल्लोपटक भएको उपनिर्वाचनमा एमाले एक सिटमा खुम्चिएको थियो । यसपटक भने गठबन्धनले १९ सिटका लागि हुन लागेको निर्वाचनमा 'क्लिन स्वीप' गर्न सक्ने आकलन गरिएको छ । सबै प्रदेशमा गठबन्धनका दलहरू स्पष्ट जितउन्मुख छन् । यस्तो अवस्थामा एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्री पुष्पकमल दाहालसँग एमालेलाई शून्यमा नपार्न आग्रह गरेका छन् ।

बुधबार दिउँसो बसेको गठबन्धन दलहरूको बैठकमा प्रधानमन्त्री दाहालले ओलीको उक्त आग्रह सुनाएको नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले बताए । 'प्रधानमन्त्रीज्यूसँग एमाले अध्यक्षज्यूले हामीलाई शून्य नबनाउनुस् भन्नुभयो भन्ने कुरा आयो । यो कुरा आएपछि हामीले सबै दलहरूसँग सरसल्लाह गरेर के हो ? उहाँहरूको खास कंक्रिट प्रस्ताव के हो ? बुझेरमात्रै टुंगो गरौं भन्ने कुरा भयो,' गठबन्धनको बैठकपछि उपाध्यक्ष पाण्डेले पत्रकारहरूसँग भने ।

उनका अनुसार एमालेको ठोस प्रस्ताव आएपछि गठबन्धनले उपयुक्त निर्णय लिने छ । गठबन्धनको बैठक आज बिहान ९ बजे प्रधानमन्त्रीकै सरकारीनिवास बालुवाटारमा बस्ने तय भएको छ । ओलीले कांग्रेस सभापति शेरबहादुर देउवालाई समेत केही दिनअघि एमालेलाई नएक्ल्याउन र शून्यको स्थितिमा नपार्न आग्रह गरेको विवरण सार्वजनिक भएको थियो ।



**अष्टलक्ष्मी शाक्य,**
**उपाध्यक्ष, नेकपा एमाले**

गणतन्त्रविरोधी शक्तिहरु जसरी सल्बलाउन थाले नि, हामीले गणतन्त्र गुम्न दिनुहुँदैन, जुन बलिदानले सम्भव भएको हो । त्यसैका लागि सहकार्य चाहियो ।



**राजेन्द्र पाण्डे**
**उपाध्यक्ष, एकीकृत समाजवादी**

प्रधानमन्त्रीज्यूसँग एमाले अध्यक्षज्यूले हामीलाई शून्य नबनाउनुस् भन्नुभयो भन्ने कुरा आयो । हामीले सबै दलहरूसँग सरसल्लाह गरेर एमालेको खास कंक्रिट प्रस्ताव के हो ? बुझेरमात्रै टुंगो गरौं भन्ने कुरा भयो ।

तर, गठबन्धन दलहरूले औपचारिकरूपमा एमालेसँग राष्ट्रिय सभा चुनावमा सहकार्य गर्नेबारे निर्णय गरेका छैनन् । नभए पनि गठबन्धन दलहरू ओलीको प्रस्तावबारे सकारात्मक रहेको र ओलीसँग प्रस्ताव माग्ने पक्षमा छन् । ओली नेतृत्वको दल एमालेकी उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले गणतन्त्रविरोधी शक्तिहरू सल्बलाउन थालेकाले परिवर्तनकारी शक्तिहरूबीच चुनावी सहकार्य हुनुपर्ने बताइन् ।

'हाम्रो दलले बैठकबाट गठबन्धन दलहरूसँग सहकार्यबारे एउटा निर्णय गर्ला तर गणतन्त्रविरोधी शक्तिहरू जसरी सल्बलाउन थाले नि, हामीले गणतन्त्र गुम्न दिनुहुँदैन, जुन बलिदानले सम्भव भएको हो,' उनले प्रभावसँग भनिन्, 'त्यसविरुद्ध परिवर्तनकारीहरू चुनावमा पनि एकजुट हुनुपर्छ ।' राष्ट्रिय सभा निर्वाचनका लागि उम्मेदवारी दर्ता गर्ने दिन यही २३ पुसमा हो । निर्वाचन ११ माघमा हुँदै छ ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# साउदीमा संगठित गिरोहको ठगीबाट बच्न दूतावासको आग्रह

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** साउदी अरेबियामा संगठित गिरोहको ठगी बढ्दै गइरहेको भन्दै यसबाट सचेत रहन र सावधानी अपनाउन त्यहाँस्थित नेपाली राजदूतावासले आग्रह गरेको छ । साउदीमा हालसालै ठगीका घटनाहरू बढिरहेको र नेपाली श्रमिकहरूसमेत ठगीमा परेका भन्ने जानकारीमा आएको भन्दै दूतावासले सावधानी अपनाउन आग्रह गरेको हो ।

दूतावासले बुधबार एक सूचना जारी गर्दै साउदी अरेबियाको आन्तरिक मन्त्रालयको हवाला दिँदै ठगी गर्ने गिरोहका सदस्यले आफू कर्मचारी भएको जनाउँदै फोन गर्ने र जनगणनाको सिलसिलामा आएकोमा बासस्थानमा भेट हुन नसकेको भन्दै विवरण माग गर्ने गरेको पाइएको उल्लेख गरेको छ । साउदी कानुनअनुसार फोनबाट नै आफ्नो विवरण अनिवार्य अद्यावधिक गर्नुपर्छ भनी रोजगारीमा रहेका नेपालीहरूसँग कुरा सुरु गर्ने, अकामा (बसोवास अनुमति) नम्बर माग्ने, एसएमएसबाट साउदीको आन्तरिक मन्त्रालयबाट आएको जस्तै बनाई फोनमा ओटिपी पठाउने र उक्त ओटिपी माग्ने गरेको पनि दूतावासले जनाएको छ ।



सबै विवरण अद्यावधिक गर्नुपर्ने जनाउँदै गिरोहले आब्सर तथा बैंक खाता नम्बर वा बैंक कार्ड नम्बर र सँगसँगै ओटिपी नम्बरसमेत मागी सम्बन्धित व्यक्तिको खातामा भएको रकम लैजाने तथा आब्सर हात पारी अनेक खालका अवैध कारोबार गरी फसाउने गरेको घटनाप्रति सचेत हुन साउदीमा रहेका सबै नेपालीलाई दूतावासले सूचित गरेको छ ।

यस्ता ठगीको थुप्रै घटना घटेको भन्दै साउदीको आन्तरिक मन्त्रालयले कारबाहीसमेत गरिरहेको तथा बेलाबेलामा एसएमएस मार्फत सूचना जारी गरी सचेत गराइरहेको भन्दै दूतावासले कुनै अनाधिकृत व्यक्तिले फोनबाट वा अरु कुनै माध्यमबाट व्यक्तिगत विवरण माग गरेमा नदिन र स्थानीय प्रहरीमा जानकारी गराउन पनि दूतावासले अनुरोध गरेको छ ।

### टाट पल्टिएको कम्पनीले तलब लिन बोलायो

साउदीस्थित एक कम्पनीले टाट पल्टिएको पाँच वर्षपछि त्यहाँ काम गर्ने नेपालीहरूलाई तलब सुविधा बुझिलिन बोलाएको छ ।

(क्रमशः पृष्ठ २ मा)

# रोमानिया पठाइदिने बहानामा ठगी गर्ने चार पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा पठाउने बहानामा लाखौं रकम ठगी गरेको अभियोगमा चारजना पक्राउ परेका छन् । रोमानिया पठाइदिन्छु भन्दै २१ लाख ३६ हजार रूपैयाँ ठगी गरेको अभियोगमा दोलखा मेलुङ गाउँपालिका–२ घर भई काठमाडौं महानगरपालिका–२४ बांगेमुढा बस्ने ५० वर्षीय ढालबहादुर बुढाथोकी प्रक्राउ परेका छन् । बुढाथोकीले १४ जना युवालाई वैदेशिक रोजगारीका लागि रोमानियामा फुड प्याकिङमा मासिक एक लाख रूपैयाँ तलब प्राप्त हुने प्रलोभन देखाई ठगी गरेको प्रहरीले जनाएको छ । सम्पर्कविहीन अवस्थामा रहेका उनलाई खोजतलासको क्रममा असनबाट पक्राउ गरिएको बताइएको छ ।

यसैगरी युवाहरूलाई वैदेशिक रोजगारीमा स्लोभेनिया पठाइदिने बहानामा दुई लाख ८० हजार रूपैयाँ ठगी गरेको आरोपमा धादिङका २५ वर्षीया जयराज शाही र गोरखाकी ३५ वर्षीया छिमी सुनिनलाई पनि प्रहरीले पक्राउ गरेको छ । उनीहरूले पीडितलाई मासिक ७० हजारभन्दा बढी तलब हुनेगरी एक फ्याक्ट्रीमा काम लगाइदिने भन्दै ठगी गरेको बताइएको छ ।

यस्तै कतार पठाइदिन्छु भन्दै दुई लाख ९४ हजार रूपैयाँ ठगी गरेको आरोपमा सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी नगरपालिका–१ का कैलाश गिरीलाई पनि पक्राउ गरेको छ । गिरीले पीडितलाई मासिक ८० हजार रूपैयाँ तलब हुने प्रलोभनमा पारी कतारमा ड्राइभिङमा काम लगाइदिने भन्दै ठगी गरेको प्रहरीले जनाएको छ । पक्राउ परेका चारै जनालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।




# 'विपद्मा सरकारी संयन्त्रको प्रभावकारिता बढेको छ'

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले विगतका तुलनामा विपद्पछिको खोज, उद्धार र राहतमा सरकारी संयन्त्रको प्रभावकारिता अनुभूति हुनेगरी बढेको बताएका छन् । ललितपुरमा बुधबार आयोजित भूकम्पप्रभावित क्षेत्रमा विपद् व्यवस्थापन तथा पुनर्निर्माणसम्बन्धी कार्यक्रममा उनले सरकारका तीनै तहको सक्रियता र समन्वयका कारण जाजरकोट भूकम्पमा उद्धार, उपचार र राहतको अभियान सफल भएको बताए ।

प्रधानमन्त्री दाहालले भूकम्पपूर्वको तयारी, भूकम्पपछि तत्काल उद्धार, उपचार र राहतको प्रबन्ध तथा दीर्घकालीनरूपमा त्यसको प्रभावको समाधानमा सबैका प्रयास केन्द्रित गर्नुपर्ने बताए । जाजरकोट भूकम्पबाट प्रभावितको उद्धार र राहतसँगै पूर्ण क्षति भएका घरका परिवारलाई तत्कालका लागि अस्थायी आवास निर्माण गर्न प्रतिघरपरिवार ५० हजार रूपैयाँ उपलब्ध गराइएको जानकारी दिँदै उनले सांसद विकास कोषको बजेटसमेत थप गरी १० अर्ब रूपैयाँ विपद् व्यवस्थापन कोषमा राखिएको बताए ।

अस्थायी आवास निर्माणमा स्थानीय तहको नेतृत्व स्थापित हुनेगरी प्रक्रिया अगाडि बढाइएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले प्रदेश र स्थानीय तहले पुनर्निर्माणका लागि पहल लिनुपर्नेमा जोड दिए । 'स्थानीय सरकार जति सक्रिय हुन्छन् त्यति छिटो जनताले पैसा पाउँछन्, म स्थानीय स्वशासन स्थापित हुनेगरी काम गरेर देखाउन स्थानीय जनप्रतिनिधिलाई आह्वान गर्दछु,' उनले भने ।

प्रभावित क्षेत्रमा क्षतिको आकलन तथा आवश्यकता पहिचानको काम लगभग सम्पन्न भएको जानकारी दिँदै प्रधानमन्त्री दाहालले यसका आधारमा उपयुक्त कार्ययोजना तय गरी प्रदेश र स्थानीय तहको अगुवाइ तथा तीनै तहको समन्वयमा पुनर्निर्माणको कार्य प्रारम्भ गरिने बताए । उनले यसका लागि सम्बद्ध सबैलाई आ-आफ्नो क्षेत्र र तहमा तीव्रताका साथ तयारी गर्न निर्देशन पनि दिए ।

'निजी आवासमात्रै बनाएर पुग्दैन, सार्वजनिक संरचनाको पुनर्निर्माण तथा आर्थिक, सांस्कृतिकसहित समग्र पुनर्निर्माणको योजना बनाएर अघि बढ्ने योजना हुनुपर्दछ,' प्रधानमन्त्री दाहालले भने । उनले कर्णाली र सुदूरपश्चिमका जनताको सामाजिक, सांस्कृतिक पहिचान र संस्कृतिको सम्मानका साथै उनीहरूसँगको छलफल र सहमतिका आधारमा पुनर्निर्माणको अभियान थालनी गरिनुपर्ने बताए ।

प्रधानमन्त्री दाहालले पुनर्निर्माणको कार्यमा स्थानीय स्रोतसाधनको उपयोग र परिचालन, सीप विकास तथा रोजगारी सिर्जनाको अवसर, मौलिक तथा भूगोल र जलवायु अनुकूल बस्ती विकासमा ध्यान दिन आग्रह गरे । उनले भूकम्प या प्राकृतिक विपद्पछि उद्धार वा त्यसबाट जोगिने विषयमा केही समय चर्चा हुने गरे पनि विपद्को पूर्वजोखिमको आकलन गरी सोहीअनुरूपको संरचना र तयारीका काममा उदासीनता रहने गरेको उल्लेख गरे ।

'यसपटक शृंखलाबद्धरूपमा आएका भूकम्पले जोखिम प्रतिरोधी संरचना र सोहीअनुरूपको निरन्तर तयारीका लागि घच्घच्याएको छ, अब पुनर्निर्माणका लागि गतिलो तयारी गर्ने, भूकम्पप्रतिरोधी डिजाइन तयार पार्ने, बलियो संरचना बनाउने तथा पर्याप्त बजेटको व्यवस्था गर्ने विषयमा मेरो जोड रहेको छ,' प्रधानमन्त्री दाहालले भने ।

विगतका अनुभवबाट पाठ सिक्दै नेपाललाई कसरी विपद् र जलवायु परिवर्तन उत्थानशील बनाउने भन्ने चुनौती नेपालसामु रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत नै पुनर्निर्माणको काम अघि बढाइने बताए । भूकम्पका असर र प्रभावलाई राम्रोसँग विश्लेषण गरेर यसपछि आउनसक्ने विपत्तिको व्यवस्थापन गर्न व्यावहारिक र प्रभावकारी नीतिगत आधार तयार गर्नुपर्छ भन्दै उनले क्षति भएका र जोखिममा रहेका संरचनामात्र नभई कमजोर तथा जोखिममा रहेका संरचनालाई पनि प्रबलीकरण गर्नुपर्ने बताए ।

# प्रधानमन्त्री सहायता कोषमा २८ करोड संकलन

**काठमाडौं (प्रस)–** जाजरकोट भूकम्पप्रभावितका लागि सञ्चालित प्रधानमन्त्री दैवीप्रकोप सहायता कोषमा २८ करोड रूपैयाँ रकम संकलन भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता नारायणप्रसाद भट्टका अनुसार कोषमा बुधबारसम्म विभिन्न संस्था तथा व्यक्तिबाट कूल २७ करोड ९१ लाख ८९ हजार रूपैयाँ जम्मा भएको छ । उनले कूल ११७ भन्दा बढी संघसंस्था तथा व्यक्तिबाट उक्त रकम जम्मा भएको जानकारी दिए ।

गत कात्तिक १७ गते जाजरकोट केन्द्रबिन्दु भएर भूकम्प भएको थियो । उक्त भूकम्पबाट ६७ हजारभन्दा बढी परिवार प्रभावित भएका छन् । भूकम्पप्रभावित क्षेत्रमा सरकारको सहयोगमा अस्थायी आवास निर्माणको क्रम जारी छ ।

## पृष्ठ १ बाट क्रमशः

### "शून्य" बाट...

किनभने २० फागुनमा राष्ट्रपतिबाट मनोनीत एक जनासहित २० जना राष्ट्रिय सभा सदस्यको पदावधि सकिँदै छ । पदावधि सकिन लागेका सदस्यहरूको पदमा हुन लागेको निर्वाचनमा यसपटक भने गठबन्धन र एमालेबीच सहकार्य हुने सम्भावना देखिएको हो ।

तर, एमालेलाई गठबन्धनले किन समेट्न खोजेको हो ? उत्तर पाइसकिएको छैन । कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माका अनुसार भने गणतन्त्र विरोधी शक्तिलाई जवाफ दिनका लागि चुनावी सहकार्यबारे छलफल भइरहेको हो ।

यसअघि सोमबार कांग्रेसले आयोजना गरेको मेलमिलाप दिवसमा शान्ति सम्झौतामा सहभागी दलहरू एकठाउँमा भेला भएर एकताको सन्देश दिएका थिए । संसदीय समिति सभापति पद बाँडफाँटमा पनि गठबन्धन दलहरूले एमालेलाई सम्मानजनक हिस्सा दिएका थिए ।

प्रधानमन्त्री दाहालले बरु झुक्ने तर विपक्षीलाई टाढा नराख्ने रणनीति अख्तियार गरेका छन् । जसले गर्दा एमाले पछिल्ला दिनमा सरकारविरुद्ध आक्रमक नभएको विश्लेषण हुने गरेको छ। यी घटनाक्रमले राप्रपासहितका गणतन्त्रविरोधी शक्तिहरूले थप गतिविधि बढाएपछि गठबन्धनले एमालेलाई समेट्न लागेको हो ।

'संसदवादी र शान्ति प्रक्रियामा रहेका दलहरू एक ठाउँमा रहनपर्छ भनेर कार्यक्रम गरियो । त्यसपछि ओली पनि नजिक नजिक हुनुहुन्छ मिल्नुपर्छ भनेर भन्ने समाचार पनि आए,' उनले भने, 'अहिले कांग्रेस र माओवादी, माओवादी र एमाले, कांग्रेस र एमाले बसेको अवस्था छ। हेरौं के हुन्छ ।'

एमालेलाई पनि सहभागी गराएर चुनावमा जाने कि भन्ने कुरा पार्टीभित्र चलेको तर निर्णयमा कांग्रेस नपुगेको बताएका छन् । 'कुरा चलेको मात्र हो । हुन्छ नि भन्ने अवस्थामा कांग्रेस पुगेको छैन,' विश्वकर्माले बताए ।

राष्ट्रिय सभा चुनावमा गणतन्त्रविरोधी दल राप्रपाको एकल उम्मेदवार खडा गरेर चुनाव जिताउन सक्नेगरिको मतभार छैन । कुनै पनि प्रदेशमा तेस्रो दलकोसम्म हैसियत छैन । तैपनि, राप्रपाले आगामी फागुनदेखि लगातार वर्तमान राजनीतिक व्यवस्था परिवर्तनका लागि लगातार आन्दोलन गर्ने घोषणा गरिसकेको छ ।

बुधबार भैरहवामा देशको अन्तिम राजा ज्ञानेन्द्रले राप्रपाका नेताहरूलाई राप्रपाले गर्ने भनेको आन्दोलनको तयारीबारे जानकारी लिएको प्रवक्ता सगुनसुन्दर लावतीले बताए । पार्टी अध्यक्ष राजेन्द्र लिङ्देन, वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, उपाध्यक्ष बुद्धिमान तामाङ, महामन्त्री डा. धवलशमशेर जबरा र सांसद दीपक सिंहसँग शाहको भेट भएको हो । यहीबेला गठबन्धन र एमाले भने राष्ट्रिय सभा चुनावमा एकताबद्ध भएर अघि बढ्ने माहोल सिर्जना गर्न व्यस्त छन् ।

२० फागुनमा एमालेबाट राष्ट्रिय सभा अध्यक्ष भएका गणेश तिमिल्सिना, प्रमुख सचेतक भैरवसुन्दर श्रेष्ठ, इन्दु कडरिया, कुमार दसौंदी, दीपा गुरुङ, दिलकुमारी रावल थापा (पार्वती), नरपति लुवार, रामचद्र राई र डा. विमला राई पौडेलको पदावधि सकिँदै छ ।

कांग्रेस राष्ट्रिय सभा दलका नेता रमेशजंग रायमाझी, प्रमुख सचेतक अनिता देवकोटा, प्रकाश पन्थ र जितेन्द्रनारायण देवको पदावधि पनि फागुन २० मा सकिने छ । माओवादीका विना पोखरेल, महेशकुमार महरा र हरिराम चौधरी तथा एकीकृत समाजवादीका नन्दा चपाईं र सिंगबहादुर विश्वकर्मा, जसपाका प्रमिलाकुमारी यादव र स्वतन्त्रका डा. खिमलाल देवकोटाको पनि पदावधि फागुन २० मा सकिने छ।

चुनावमा नगरपालिकाका प्रमुख/उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष र प्रदेश सांसदहरू मतदाता छन् । उनीहरूको मतभार छुट्टाछुट्टै छ । उनीहरूकै मतभारकै आधारमा उम्मेदवारहरूको जित/हार हुने गरेको छ ।

### शीर्ष दलका...

सोमबार एमाले अध्यक्ष ओलीले राजतन्त्रको बहस बेकारको बताएका थिए । 'राजतन्त्रको भविष्य छैन । हुन त दरबार हत्याकाण्डमै सकिएको हो । तर, हामी चुक्दा केही समय डमी राजतन्त्र चल्यो । पछि ढल्यो,' ओलीले भनेका थिए ।

प्रधानमन्त्री पुष्पकमल दाहालले लोकतन्त्रलाई थप मजबुत बनाउन आत्मसमीक्षाको खाँचो रहेको बताएका थिए । 'लोकतान्त्रिक गणतन्त्रभन्दा राम्रो व्यवस्था अहिलेसम्म आएको छैन । सुदृढ लोकतन्त्रबाहेकको अर्को सिस्टम विकास भएकै छैन,' दाहालको भनाइ थियो, 'तर शासन सञ्चालनमा हामीबाट कमजोरी भएको छ । कहाँ हामी चुकेका छौं । हामी सबैले आत्मसमीक्षा गर्नैपर्दछ ।'

कांग्रेस सभापति शेरबहादुर देउवाले गणतन्त्रको विकल्प नै नरहेको बताएका थिए । 'गणतन्त्रको विकल्प गणतन्त्रबाहेक अरू केही हुन सक्दैन । राष्ट्रका महत्वपूर्ण बुँदामा केन्द्रित भएर दलहरूबीच छलफल गर्दै एक भएर जाऔं,' देउवाले भनेक थिए ।

राप्रपाका उपाध्यक्ष तामाङले ज्ञानेन्द्रसँग राजसंस्था र हिन्दू अधिराज्य पुनःस्थापनाका विषयमा गहन विमर्श भएको बताए । 'राजसंस्था र हिन्दू राज्यको बारेमा हाम्रो मुद्दा नै हो । यसबारेमा लामो कुराकानी भयो,' उनले भने । भेटमा पूर्वराजाले सात दलसँग भएको सहमतिको बारेमा पनि कुराकानी गरेका थिए । भैरहवाको सिद्धार्थ होटलमा साढे ११ बजेबाट सुरु भएको छलफल दिउँसो २ बजेसम्म चलेको थियो । राजसंस्था, हिन्दूराष्ट्र पुनःस्थापना र संघीयता खारेजीका लागि घोषणा गरेको आन्दोलनबारे पनि पूर्वराजालाई जानकारी गराइएको राप्रपा महामन्त्री राणाले बताए ।

'सबै राजावादी र राष्ट्रवादीलाई एक ठाउँमा ल्याएर हामी अघि बढ्छौं भन्ने कुरा उहाँलाई जानकारी गराइएको छ,' महामन्त्री राणाले भने । शाहलाई आज भैरहवाको सुगर मिल क्षेत्रमा साढे १२ बजे अभिनन्दन गर्ने कार्यक्रम रहेको छ ।

### साउदीमा संगठित...

साउदीको मोहमद अल मोजिल ग्रुप कम्पनीले टाट पल्टिएपछि पारिश्रमिकविनै नेपाल फर्काइएका ५७१ जना नेपालीको नामावलीसहित रियादस्थित नेपाली दूतावासमार्फत कामदारहरूलाई बाँकी रहेको तलब सुविधा बुझिलिन आउन अनुरोध गरेको हो ।

दूतावासले एक सूचना जारी गर्दै उक्त कम्पनीमा काम गरेबापत पाउनुपर्ने तलब तथा अन्य सुविधा लिन बाँकी रहेका नेपाली कामदार हरूलाई सम्पर्क गराई भुक्तानी सहजीकरण गराइदिन अनुरोध प्राप्त भएको उल्लेख गरेको छ । सोहीअनुरूप कम्पनीको सूचीमा नामावली भएका कामदारले दूतावासले प्रकाशित गरेको लिंक प्रयोग गरी यथाशीघ्र आवश्यक विवरण भरी बुझाउन पनि आग्रह गरेको छ ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/०८/१९

यस कम्पनीको मिति २०८०/०८/१६ मा सम्पन्न बिशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **रोयल हिमालयन होलिडेज प्रा.लि. (प्रा.लि. नं. २५५४८९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०८/१९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **आनन्द हिमालयन होलिडेज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## हक दावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७८/१०/१० मा दर्ता भएको प्रा.लि. नं. ११२०४९ को **सन सिटी एजुकेशन फाउण्डेशन प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

## वैदेशिक रोजगार विभागको सार्वजनिक सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री **Global Reliance Overseas Services Pvt.Ltd.** (ई.प.नं. 832/066/067) सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू तपसिल बमोजिमका व्यक्तिको नाममा शेयर दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सवुद प्रमाण सहित **बैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| साविक शेयरधनीको नाम/ शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम/ शेयर संख्या |
|---|---|
| १. श्री दिपक पौडेल (०१-५००००) | १. श्री शिव ज्ञावली (०१-५००००) |

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TOUQ AL YASMEEN BLDG CLEANING SERVICES**

पुर्व स्वीकृति मिति २०८०/०४/२५ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१८ LT No.290604 चलानी नं. ६०२०५९५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 1 | 6 | 1300 | ४६,९३० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Data Entry | 1 | 0 | 1800 | ६४,९८० | | | | | | | |
| 3 | Hotel Cleaner | 0 | 2 | 1300 | ४६,९३० | | | | | | | |
| 4 | House Cleaner | 0 | 1 | 1300 | ४६,९३० | | | | | | | |
| 5 | Office Cleaner | 0 | 3 | 1300 | ४६,९३० | | | | | | | |
| 6 | Office Employee | 1 | 0 | 1800 | ६४,९८० | | | | | | | |
| 7 | Public Relation Officer | 4 | 0 | 1800 | ६४,९८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २६ गते (11th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OM OVERSEAS EMPLOYMENT PVT.LTD
Basundhara - 3, Kathmandu, Nepal, Tel : +977-1-5903266, 985-1105656, 9856028101, 981-6692574
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com
Govt. License 1518/074/075


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

पुस १९ गते २०८०, बिहीबार

| | |
|---|---|
| **मेष** | भविष्यकालागि लगानी, काम पूरा गर्न समय लाग्नेछ । |
| **वृष** | सामाजिक कार्यमा हौसल्ला, आँटले दिगो फाइदा । |
| **मिथुन** | रोकिएका काम सम्पन्न, कामप्रति जिम्मेवारी। |
| **कर्कट** | स्वास्थ्यमा उपचारमा खर्च, धनमाल हराउन सक्छ । |
| **सिंह** | प्रतिक्षा गरिएको उपलब्धि, नयाँ ज्ञानको उत्साह । |
| **कन्या** | शत्रुहरु किनारा लाग्ने, ईर्ष्या गर्नेले सहयोग गर्ने । |
| **तुला** | अध्ययनमा प्रगति, चिताएको काम सम्पन्न । |
| **वृश्चिक** | नयाँ काम, धन आर्जन, कमिकमजोरीमा सुधार । |
| **धनु** | अर्थ अभाव, साथिभाईसँग भेटघाट र परिवारसँग टाढा । |
| **मकर** | व्यापारमा फाइदा, पशु तथा कृषि क्षेत्रमा राम्रो । |
| **कुम्भ** | अरूको विश्वास गर्दा घोका हुन सक्छ । |
| **मीन** | स्रोत र साधन जुट्नाले कर्मको उचित प्रतिफल । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

पुस १९ गते, २०८०, ४ जनवरी, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.८४ | १३३.४४ |
| युरो | १ को | १४६.६२ | १४७.२८ |
| पाउन्ड स्टिर्लङ | १ को | १६९.१२ | १६९.८८ |
| स्विस फ्रैन्क | १ को | १५७.८२ | १५८.५४ |
| अस्ट्रेलियन डलर | १ को | ९०.४८ | ९०.८९ |
| क्यानाडियन डलर | १ को | १००.२८ | १००.७३ |
| सिंगापुर डलर | १ को | १००.६७ | १०१.१३ |
| जापानी येन | १० को | ९.४२ | ९.४६ |
| चिनियाँ युआन | १ को | १८.७१ | १८.७९ |
| साउदी अरब रियाल | १ को | ३५.४२ | ३५.५८ |
| कतारी रियाल | १ को | ३६.४४ | ३६.६० |
| थाई भाट | १ को | ३.८६ | ३.८८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.१७ | ३६.३३ |
| मलेसियन रिङ्गेट | १ को | २८.९१ | २९.०४ |
| दक्षिण कोरियन वन | १०० को | १०.२६ | १०.३० |
| स्विडिस क्रोनर | १ को | १३.१९ | १३.२५ |
| डेनिस क्रोनर | १ को | १९.६७ | १९.७६ |
| हङकङ डलर | १ को | १७.०१ | १७.०९ |
| कुवेती दिनार | १ को | ४३२.३५ | ४३४.३० |
| बहराइन दिनार | १ को | ३५२.३६ | ३५३.९५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

# युवाविहीन बन्दै हुम्लाका गाउँ


■ दाने बोहरा

**सिमकोट (हुम्ला)**– संघ, प्रदेश र स्थानीय सरकारले युवाका लागि रोजगारीका कुनै कार्यक्रम ल्याउन नसकेपछि हुम्लाका पनि कतिपय पालिकाका गाउँ नै रित्तिनेगरी कामको खोजीमा युवा विदेशिएका छन् । उनीहरू धेरैजसो भारत जाने गरेका छन् ।

जिल्लाको दक्षिणी भेगमा रहेको अदानचुली गाउँपालिकाबाट पछिल्लो एक हप्तामा एक हजारभन्दा बढी युवा गाउँ छोडेर भारत प्रस्थान गरेका छन् । अदानचुलीमा कुनै काम नभएर युवा रोजगारविहीन भएपछि कामको खोजीमा गाउँ नै शून्य बनाउनेगरी भारत लागेका हुन् । सहरका युवाले रोजगारको खोजीमा खाडी मुलुकका लागि हातमा पासपोर्ट लिएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा लाम लागेजस्तै यता दुर्गम गाउँका युवा पनि लाम लागेरै दिनहुँजसो छिमेकी मुलुक भारतको कालापहाड लागिरहेका छन् । अदानचुली गाउँपालिकाबाट मात्र दैनिक १० देखि १५ युवा भारतको कालापहाडलगायत सहरमा कामका लागि गाउँ छोड्ने गरेका छन् ।

हुम्लाको अदानचुली गाउँपालिकाका अधिकांश बस्ती युवाविहीन हुन थालेको नेकपा एमाले गाउँ कमिटीका अध्यक्ष बुध भण्डारीले बताए । गाउँमा चरम आर्थिक मन्दी छाएपछि आफ्नो घरपरिवारलाई लुगाफाटो ल्याउन र केही रकम कमाउन सयौंको संख्यामा अदानचुली गाउँपालिका र चंखेली गाउँपालिकाका युवा कालापहाड (भारत) जान थालेका भण्डारीले बताए ।

यही पुस १० गते मंगलबार परेको कर्णाली क्षेत्रको स्थानीय चाड भैलो पूर्णिमा परिवारसँग मनाएपछि एक हजारको हाराहारीमा युवाले गाउँ छोडेको हुम्ला र बाजुरा जिल्लाको सिमानामा अवस्थित कावाडी प्रहरी चौकीले जनाएको छ । गएको



एक सातामा गाडीमा र पैदल हिँडेर भारत जानेको संख्या निकै बढी देखिएको छ । कावाडी प्रहरी चौकीका एक सुरक्षाकर्मीले जाँच गर्दा र सोधीखोजी गर्दा गाडी र पैदलमा गएका सबैले भारत जान लागेको बताएका जानकारी दिए ।

अहिले हुम्लाको दक्षिण क्षेत्रका गाउँबस्तीमा युवा विरलै भेटिने गरेको अदानचुली गाउँपालिका-२ का भक्त बुढाले बताए । उनका अनुसार एक सातादेखि नयाँ अत्यावश्यक कामबाहेक अरू युवा गाउँमा भेट्न मुस्किल भएको स्थानीय बुढाले बताए । गाउँमा एक वर्षयता पैसा कमाउने कुनै माध्यम नभएपछि अधिकांश युवा परिवारका सदस्यलाई एकसरो लुगाफाटोको जोहो गर्न बाध्य भएर भारत जानुपरेको बुढाको भनाइ छ । अहिले गाउँमा कोही बिते पनि लास उठाउने युवा पाउन मुस्किल भएको उनको गुनासो छ ।

आफ्नो गाउँ घरबाट मात्रै यही पुस १३ गते २३ जना तथा विभिन्न टोल भएको अदानचुली-२ बाट झण्डै सयको संख्यामा भारत गएका उनको भनाइ छ । हिउँदमा घरको काम पनि हुँदैन । विकास निर्माणको काम गरेर केही रकमको जोहो गर्ने गरेको यहाँका युवाका लागि एक वर्षयता कुनै विकास निर्माणका कामहरू ठप्प भए पनि झण्डै दुई दशकपछि पहिलोपटक यति ठूलो संख्यामा युवा विदेशिएका हुन् ।

लामो समयदेखि छिमेकी मुलुक नगएको यहाँका युवा दिनहुँ सयौंको संख्यामा छिमेकी मुलुक भारत गएको अदानचुली-५ का रामबहादुर छत्यालले बताए । गाउँमा रोजगारीका काम नहुनु, गाउँपालिकाले भएका योजनाहरूको भुक्तानी प्रक्रिया समयमा पूरा नगर्दा फ्रिज हुनुलगायत कारणले अदानुचलीका युवाले हिउँदको आफ्नो कामको गन्तव्यका रूपमा भारतलाई रोजेका हुन् । घरमा बसौं भने काछो (गाउँको धार्मिक कामका लागि उठाउने रकम) उठाउने पैसा पनि नहुने भएपछि भारत जानुको कुनै विकल्प नपाएपछि धेरै लामो समयपछि अदानचुलीका युवाको रोजाइ कालापहाड बनेको हो ।

गएका वर्षहरूमा औषधि उपचार गर्न र केही अत्यावश्यक कामका लागि हरेक गाउँबाट बढीमा पाँच/सातजना कालापहाड जाने गरेको भए पनि यो वर्ष जानेको संख्या निकै वृद्धि भएको अदानचुली-२ को मष्टादेव आधारभूत विद्यालयका अस्थायी शिक्षक छप्की बुढाले बताए । केही दिनअघि अदानचुली गाउँपालिकाले सामाजिक सुरक्षा भत्ताको रकम खातामार्फत भुक्तानी गरेपछि उक्त रकमले गाडी 'रिजर्भ' गरेर यहाँको युवाले दुई/तीन महिनाको गन्तव्यका रूपमा कालापहाड रोजेका हुन् । आफूसहित २२ जनाको समूहले एक बलेरो जिप बाजुराको मार्तडीसम्म रिजर्भ गरेर गएको र पुस १३ गतेमात्रै पाँच सयको संख्यामा युवा कालापहाड लागेका भारत जान लागेका एक युवाले जानकारी दिए ।

कर्णाली कोरिडोरमा अस्थायीरूपमा चलेका जिपहरूमा प्रायः कालापहाड जाने अदानचुलीका युवामात्रै भेटिने गरेका छन् । कुनै जिपले बेलुका अबेरसम्म पनि गाउँबाट युवा ओसारिरहेका हुन्छन् । आफूसँग गाडी भाडा नभएका दर्जनौं युवा बाजुराको मार्तडीसम्म राति हिँडेर पनि जाने गरेको बुढाले बताए । *रासस*

## शिक्षा विधेयकबारे संसदीय समितिमा छलफल

**काठमाडौं (प्रस)**– प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य र सूचना प्रविधि समितिमा विचाराधीन विद्यालय शिक्षा विधेयक, २०८० बारे छलफल भएको छ । समिति र नेपाल शिक्षक महासंघबीच बुधबार छलफल भएको हो ।

समितिले बुधबारदेखि महासंघ तथा आबद्ध घटक संस्थासँग सुझाव लिन थालेको हो । बुधबारको बैठकमा महासंघकी अध्यक्ष कमला तुलाधर, महासचिव लक्ष्मीकिशोर सुवेदीलगायतले यही असोज ५ गते नेपाल शिक्षक महासंघ र असोज १२ गते राहत शिक्षक केन्द्रीय समितिसमेतसँग भएका सहमतिका बुँदालाई समावेश गर्ने तथा छुटेका थप विषयलाई विशेष ध्यान दिन आग्रह गरे । उनीहरूले स्थानीय तहबाट शिक्षक नियुक्तिको प्रस्ताव हटाउनेलगायत ६१ बुँदे थप माग प्रस्तुत गर्दै शिक्षकको ट्रेड युनियन अधिकारको रक्षाका साथै राजनीतिक आस्थाका आधारमा विभेद गर्न नहुनेमा जोड दिए ।

समितिका सभापति भानुभक्त जोशीले शिक्षक र विद्यालय कर्मचारीका अन्य संस्थासँग थप सुझाव लिने क्रम आगामी बैठकमा जारी रहने जानकारी दिए । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव सुरेश अधिकारीले स्थानीय तहले शिक्षकलाई कारबाही र गैह्रकानुनी सुरुवा नगरेको स्पष्ट गर्दै केन्द्रबाट आवश्यक सहजीकरण हुने स्पष्ट गरे । प्रतिनिधिसभामा गत असोज २१ गते सैद्धान्तिक छलफलपछि दफाबार संशोधनका लागि विधेयक समितिमा गएको हो । सरकारले संसद्मा विधेयक दर्ता गरेपछि महासंघले काठमाडौं केन्द्रित आन्दोलन गरेपछि गत असोज ५ र १० गते भएको वार्तामा विभिन्न बुँदामा संशोधनका लागि सहजीकरण गर्ने सहमति भएको थियो ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक २४४ पौष १८ गते २०८० मा प्रकाशित Sun Light Human Resoruce Pvt. Ltd. को Lot No. 262522 को T M A X On Demand Labors Supply कम्पनीको विज्ञापनमा म्यानपावरको नाम Sun Light Human Resoruce Pvt. Ltd. हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

SUN LIGHT HUMAN RESORUCE PVT. LTD.
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Tel: 014984832, 014984833, Email : sunlighthr11@gmail.com


## चिचिला गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
(सामान्य प्रशासन शाखा)
चिचिला, संखुवासभा
कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

**प्रकाशित मिति :- वि.सं. २०८०।०९।१९**

यस कार्यालयबाट तपसिल बमोजिमको कार्य गर्न मिति २०८०/०४/३० गते राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वान गरिए बमोजिम देहाय अनुसार ठेक्कामा निम्न बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ तपसिल बमोजिम बोलपत्र स्वीकृत आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | कार्य विवरण | स्वीकृत बोलपत्र दाताको नाम र ठेगाना | स्वीकृत रकम (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १. | CRM/W/NCB/B/01/080-081 | "Construction of Additional Floor of Administrative Building of Chichila Rural Municipality, Chichila- 01, Sankhuwasabha" | JV Name:- Fuljor-Rani Dhunga-Rijan and Riyana J/V<br>Lead:- Fuljor Nirman Com Pvt.Ltd.<br>Sub:- Rani Dhunga Nirman Sewa<br>Sub:- Rijan and Riyana Construction Pvt.Ltd., Dilli Bazaar Kathmandu | रु. ४,०८,११,६७५.८४ (अक्षरेपि चार करोड आठ लाख एघार हजार छ सय पचहत्तर रुपैयाँ, चौरासी पैसा मात्र) | |

प्रमुख प्रशासकीय अधिकृत

## ताप्ली गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
रुपाटार, उदयपुर
कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०९/१९**

यस कार्यालयबाट मिति:- २०८०/०८/१० मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनसुार रित पुर्वक म्याद वित्र *www.bolpatr.gov.np/egp* मा दर्ता हनु आएका शिलबन्दी दरभाउपत्रहरुको मुल्यांकन गर्दा तपशिल बमोजिमका शिलबन्दी दरभाउपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रवावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ स्वीकृतिको लागि छनौट गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| क्र.स | ठेक्का नं/ विवरण | बोलपत्रदाता को नाम ठेगाना | बोलपत्रदाता को प्रस्ताव गरेको रकम |
|---|---|---|---|
| १ | 01/TRM/UDA/NCB/080/081,Ward Different sadak Nirman Ward no-2, 3 | त्रिबेणि इन्जिनियरिङ्ग एण्ड सप्लायर्स प्रा.लि. कटारी न.पा-४ उदयपुर | ३४०५६७६.२५ (भ्याट पि.यस सहित) |
| २ | 02/TRM/UDA/NCB/080/081,Wada Office Construction Tapli-5 | महाभारत ताप्ली कन्स्ट्रक्सन ताप्ली-१ | ९७९३०९.८४ (भ्याट पि.यस सहित) |
| ३ | 03/TRM/UDA/NCB/080/081, Rupatar Katahare Iname sadak tapli-5, 3 | पि.के. निर्माण सेवा कटारी-४ | ११५२४२९.५ (भ्याट पि.यस सहित) |
| ४ | 04/TRM/UDA/NCB/080/081, Katahare Narimala SadakTapli5, 2 | महाभारत ताप्ली कन्स्ट्रक्सन ताप्ली-१ | १३३५२१८.०४ (भ्याट पि.यस सहित) |

भक्त बहादुर राई
प्रमखु प्रशासकीय अधिकृत


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL OPERATING COMPANY FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति: २०८०/०५/२७ LT. No.292564 चलानी नं. ६०२१०६७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 20 | 0 | 1000 | ३५,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २६ गते (11th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Prince International Employment Service Pvt. Ltd.
श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IDEAL DEALING INSTITUTION FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति २०८०/०८/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१८ LT. No. 295716 चलानी नं. ६०२१०७४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 8 | 0 | 1000 | ३५,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २६ गते (11th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZWAG FOR PROCESSING OF WEDDINGS EVENTS

पूर्व स्वीकृति मिति : २०८०/०१/१७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१८ LT. No. 285433 चलानी नं.६०२००८६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 4 | 1000 | ३६,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २६ गते (11th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

White Horse International Pvt. Ltd.
Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

सच्याइएको

कम्पनी : T M A X ON DEMAND LABORS SUPPLY

पूर्व स्वीकृति मिति २०७९/०१/१९ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१७ LT. No.262522 चलानी नं. ६०१७८८३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 7 | 1000 | ३६,६०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Messenger | 75 | 0 | 1000 | ३६,६०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २५ गते (10th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUN LIGHT HUMAN RESORUCE PVT. LTD.
License No. : 689/063/064
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Tel: 014984832, 014984833, Email : sunlighthr11@gmail.com



## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALMUZAIN GULF SAUDI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८०/०९/१८ LT. No. 297478 चलानी नं. ६०२१२५०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding Erector | 50 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HALA AL JUBAIL CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०८०/०९/१८ LT. No. 297477 चलानी नं. ६०२१२५०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 6 | 0 | 1200 | ४३,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SHAHD AL BAWADI RESTAURANTS TO PROVIDE FOOD

पूर्व स्वीकृति मिति २०८०/०९/१८ LT. No. 297469 चलानी नं. ६०२१२५०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1200 | ४३,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २६ गते (11th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Target Consultant Human Resources Pvt. Ltd.
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# गाउँ जाउँजाउँ बनाउने कहिले ?

**तीनताका नेताहरूले 'गाउँ फर्क अभियान' चलाएर गाउँलाई विकासको केन्द्र बनाउने इच्छा देखाएका थिए । अहिले अभियानको रूपलाई केही परिमार्जन गर्दै विकेन्द्रीकरणका नीति ल्याएको छ । यसमा युवा पुस्ताको साथ पनि छ । बेलाबेला खोँच, कन्दरा, झरना र डाँडाहरूलाई 'भइरल' बनाएर चर्चामा नल्याएको पनि होइन ।**

**अहिलेका राष्ट्रपति रामचन्द्र पौडेल पनि बेलाबेला तनहुँ पुगेर गाउँलाई बसुँबसुँ लाग्ने बनाउने वाचा कस्थे । आफू गाउँ नबसी केन्द्रीकृत राजनीति गरेर अहिले पौडेल सर्वोच्च पदमा पुगेका छन् ।**

**नीति र कार्यक्रम जति नै बनाए पनि गणेश प्रवृत्तिले राजनीतिक नेतादेखि प्रशासन प्रमुखले सहर नै छाड्नै मानेनन् । यसको पछिल्लो उदाहरण हो राष्ट्रिय तथ्यांक कार्यालयले मंगलबार सार्वजनिक गरेको ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरण अध्ययन प्रतिवेदन । उक्त प्रतिवेदनले देखाउँछ सहरी जनसंख्या ह्वात्तै बढेको । २०६८ को तुलनामा २०७८ मा झण्डै पाँच प्रतिशत जनसंख्या सहरमा थपिएको छ ।**

**सहरी जनसंख्या २२.३१ प्रतिशतबाट बढेर २७.०७ पुग्दा सहरोन्मुख जनसंख्यामा त्यति फेरबदल छैन । यो वर्ग ट्रान्जिट प्वाइन्ट भएकोले पनि खासै परिवर्तन देखिन्न । ३९.१९ प्रतिशतबाट बढेर यो वर्ग ३९.७५ प्रतिशत पुगेको छ । पछिल्ला १० वर्षमा ग्रामीण क्षेत्रको जनसंख्या भने ३८.५ प्रतिशतबाट ३३.१९ प्रतिशतमा झरेको छ । यसबाट प्रस्टिन्छ राजनीतिक नेतृत्वले लिएको नीति 'फ्लप' हुने बाटोमा छ ।**

**प्रदेश र स्थानीय तहले अधिकार पाएसँगै मानिसहरू गाउँ पस्ने आशा गरिएको थियो । तर केन्द्रीकृत अधिकार अभ्यासका लागि न त नेताले सहर छाड्न मान्छन् न त जनताले नै । जनता अवसरका लागि सहर पस्छन् नेता ती जनतामाथि राजनीति गर्न । यही मेसोमा कैयन युवाहरू आकर्षक अवसरको खोजीमा विदेशिन थालेका छन् ।**

**कोही कसैले गाउँ किन छाड्छन् ? यसको जवाफ अनुसन्धानमा छैन । कारण पनि प्रतिवेदनमा खुलाइएको पाइँदैन । मुख्यत: मानिसहरू सुविधाको खोजीमा पनि गाउँ छाड्ने गर्छन् । सानो गाउँमा सरकारले न त अस्पताल लैजान्छ न त विद्यालय नै । न त निजी क्षेत्रले त्यहाँ गुणस्तरीय मालसामानको ढुवानी नै गर्छ । मानिस कहिल्यै सन्तुष्ट नहुने प्राणी हो । परिवर्तन र प्रगति खोज्दै मानिस गाउँ छाडेर सहर पस्छन् । जुन परिवर्तन र प्रगति नेपाली सामाजिक संरचनाबाट पाउन मुश्किल छ । अझ पछिल्लो राजनीतिक व्यवस्था, कुशासन र कृपावादले गाउँ थिलथिलो बनाइसकेको छ । विकास र सुशासन हैन आसेपासे र नातेदार पोस्ने अनि भ्रष्टाचारको अड्डा स्थानीय तह बन्दै छ । कुनै बेला युद्धका कारण गाउँ छाड्ने गरिन्थ्यो । पछिल्लो समय यावत कारण रुष्ट जनता पनि विस्तारै गाउँ छाड्ने चरणमा देखिन्छन् । त्यसैले गाउँमा जनता फर्काउने हो भने सुशासनलाई सरकारले कडाइका साथ पहिलो प्राथमिकतामा राखोस् ।**

# वेदलाई बुझौं



▶▶ शिव खतिवडा शिष्य

वैदिक सनातन धर्म वेदबाट निर्देशित छ । सात्त्विक मस्तिष्कद्वारा आममानव जनसमुदायलाई संगठित तथा अनुशासित गर्ने प्रक्रियाको सोझो र सरल नाम नै धर्म हो । धर्म जीवनशैली हो । वेद हिन्दू आर्यहरूको साम्प्रदायिक ग्रन्थमात्र नभएर समस्त भूमण्डलमा बस्ने मानव समुदायको सबैभन्दा पहिलो साहित्य हो, पहिलो शब्द हो, पहिलो बोली हो ।

वेद शब्द संस्कृत भाषाको 'विद्ज्ञाने'धातुबाट व्युत्पन्न हुन्छ, जसको अर्थ हुन्छ- ज्ञान । वस्तुतः ज्ञान नै मानवको वास्तविक स्वरूप हो र विवेक नभएको मानव पशुतुल्य हुन्छ । वेदसृष्टिको आदिग्रन्थ हो, जसलाई अपौरुषेय मानिन्छ । वेदलाई गुरुमुखबाट सुनेर ग्रहण गरिएको हुनाले 'श्रुति', ऋक्, यजुः, साम, यी तीनको समुदाय भएको हुनाले 'त्रयी', साधना गरेर जस्ताको तस्तै कण्ठस्थ पारिने हुनाले 'आम्नाय', उपनयनपूर्वक नियमानुसार अध्ययन गरिने हुनाले 'अध्याय', एकपछि अर्काले सुनेर ग्रहण गरी अनादिकालदेखि ल्याइएको हुनाले 'अनुश्रव', पुरुषार्थज्ञान प्राप्त गर्ने साधन भएको हुनाले 'निगम' र अनन्त ज्ञानको भण्डार भएकाले 'शब्दराशि' पनि भनिन्छ ।

वैदिक सनातन धर्म वेदबाट निर्देशित छ । सात्त्विक मस्तिष्कद्वारा आममानव जनसमुदायलाई संगठित तथा अनुशासित गर्ने प्रक्रियाको सोझो र सरल नाम नै धर्म हो । धर्म जीवनशैली हो । वेद हिन्दू आर्यहरूको साम्प्रदायिक ग्रन्थमात्र नभएर समस्त भूमण्डलमा बस्ने मानव समुदायको सबैभन्दा पहिलो साहित्य हो, पहिलो शब्द हो, पहिलो बोली हो । ब्रह्म के हो ? जीव के हो ? आत्मा के हो ? ब्रह्माण्डको उत्पत्ति कसरी भयो ? ज्योतिष, गणित, रसायन, औषधि, प्रकृति, खगोल, भूगोल, धार्मिक नियम इत्यादि हजारौं विषयको विस्तृत व्याख्या वेदमा पाइन्छ । वेद सम्पूर्ण पिण्ड-ब्रह्माण्ड तथा परमात्माको जानकारी दिने विज्ञान हो । वेद मानव सभ्यताको मूल स्रोत पनि हो । मानव जीवनको लौकिक एवं पारलौकिक उन्नतिका लागि उपयोगी सबै सिद्धान्त एवं उपदेशको अद्भूत सम्बन्ध स्थापित गर्ने रहस्य वेदमा पाइन्छ । सनातनी अर्थात् ॐकार परिवारको मुख्य आधार तथा मूल धर्मग्रन्थ नै वेद हो । प्राचीन आर्ययुगको संस्कृति तथा सभ्यता जान्ने एकमात्र साधन पनि वेद हो । विश्व वांमयमा वेदभन्दा प्राचीनतम कुनै पुस्तक छैन अर्थात् मानव सभ्यताकै सबैभन्दा पुरानो ग्रन्थ वेद हो । समाधिस्थ ऋषिहरूलाई स्वयं ईश्वरले नै अप्रत्यक्ष रूपमा प्रदान गरेको दिव्य ज्ञान नै वेदका ऋचाहरू हुन् । नेपालको तनहुँ जिल्लाको सेती किनारमा बसेर महर्षि व्यासले चार वेद र १८ पुराणलाई लिपिबद्ध गरेका थिए, जुन स्थान अहिले व्यासगुफाको नामले प्रसिद्ध छ । वेदलाई निम्नानुसार बुझ्न सकिन्छ-

**'इष्ट प्राप्ति- अनिष्ट परिहार योरलौकिक मुपायं यो वेदयति स वेदः ।'** अर्थात् इष्ट प्राप्ति र अनिष्ट परिहारका निमित्त अलौकिक उपाय जसले ज्ञान गराउँछ, त्यो नै वेद हो ।

**'धर्म ब्रह्म प्रतिपादकम पौरुषेय वाक्यं वेदः ।'** अर्थात् धर्म र ब्रह्मलाई प्रतिपादन गर्ने अपौरुषेय वाक्य नै वेद हो ।

**'विद्यते धर्मादि पुरुषार्था अनेन इति वेदः ।'**अर्थात् जसबाट धर्मादि पुरुषार्थलाई राम्रोसँग जान्न, बुझ्न, केलाउन सकिन्छ, त्यो नैवेदहो ।

**'धर्मार्थ कामान् केवली भावावस्थायां द्यति खण्डय तीति वेदः ।'** अर्थात् केवलावस्थामा धर्म, अर्थ र कामलाई खण्डन गरेर केवल मोक्षमा पुऱ्याइदिनेलाई वेद भनिन्छ । वेदार्थको पुष्ट अर्थ सायणले तैत्तिरीय आरण्यकमा यसरी गरेका छन्-

**'प्रत्यक्षेणानुमित्या वा वस्तूपायो न बुध्यते ।**
**एतं विदन्ति वेदेन तस्माद्वेदस्य वेदता ॥'**

अर्थात् प्रत्यक्ष र अनुमान प्रमाणले जुन उपायलाई जान्न सकिँदैन र जसले त्यस उपायलाई बुझाइदिन्छ त्यही नै वेद हो, त्यसैमा वेदको वेदत्व पनि छ । **'स्वर्गे अप्सरसः बज्रहस्तः पुरन्दरः'** स्वर्गमा अप्सराहरू रहन्छन्, हातमा बज्र लिएका इन्द्र छन् इत्यादि वाक्यहरूलाई हामीले वेदबाट नै जान्न सक्छौं । अरू केही उपाय छैन । त्यो उपाय त वेदले नै बताउँछ किनकि हामीले आँखाले प्रत्यक्षरूपमा ती अप्सरा र इन्द्रलाई कहिले पनि देखेका छैनौं । त्यसो हुँदा प्रत्यक्ष नभएपछि अनुमान त हुनै सक्दैन । अतः प्रत्यक्ष अनुमानादिबाट नजानिने उपायलाई बताउने वेद हो । वेद इतिहासको पनि इतिहास हो र ज्ञानको पनि ज्ञान हो ।

**'वेदोऽखिलो धर्ममूलम् ।'**(वेद नै सम्पूर्ण धर्मको मूल हो ।)
**'सर्व वेदात् प्रसिध्यति ।'**(सबै चिज वेदबाट सिद्ध हुन्छ ।)
**'वेदे यन्नास्ति तन्नास्ति ।'**(वेदमा जे छैन, त्यो सृष्टिमै छैन ।)
**'वेदः शिवः शिवो वेदो वेदो नारायणः स्मृतः ।'**(वेद शिव हो, शिव नै वेद हो, वेद नारायण पनि हो ।)

समग्रमा वेद अनन्त ज्ञानको भण्डार हो भन्नेमा दुईमत नहोला ।

वेदलाई पाठभेद तथा विषयभेदका आधारमा मुख्यतया दुई भागमा विभाजन गरिएको छ- १. संहिता २. ब्राह्मण । संहिता वेदको मन्त्रभाग हो भने ब्राह्मणसंहिता भागको व्याख्या हो । ब्राह्मणलाई पनि तीन भागमा विभाजन गरिएको छ- १. ब्राह्मण २. आरण्यक ३. उपनिषद् । ब्राह्मण, आरण्यक र उपनिषद्का पनि विभिन्न ग्रन्थहरू पाइन्छन् । प्रत्येक वेदका आ-आफ्ना ब्राह्मण, आरण्यक र उपनिषद् ग्रन्थहरू छन् । यहाँ संहिताको विषयमा केही चर्चा गरिन्छ । मन्त्रस्वरूप संहितालाई चार भागमा विभाजन गरिएको छ । ऋक्, यजुः, साम र अथर्ववेद ।

## १. ऋग्वेद

ऋक् अर्थात् स्थिति तथा ज्ञान । पद्यमय वेद नै ऋग्वेद हो । ऋग्वेद सर्वप्राचीन तथा पहिलो वेद हो । ऋग्वेदमा ज्योतिष, गणित, रसायन, औषधि, प्रकृति, खगोल, भूगोल, आत्मा, ईश्वर आदि धेरै विषय छन् । ऋग्वेदमा १० मण्डल, एक हजार २८ सूक्त, २१ शाखा तथा १० हजार ५८० मन्त्र संख्या रहेका छन् । वर्तमान समयमा ऋग्वेदका २१ शाखा मध्येशाकल, वाष्कल, आश्वलायन, शांखायन, माण्डूकायनगरी पाँच शाखामात्र उपलब्ध छन् । ब्रह्माण्डको उत्पत्तिसम्बन्धी विषय रहेको अति प्रसिद्ध 'नाषदीय सूक्त' पनि ऋग्वेदमै उपलब्ध छ । ऋग्वेदका प्रमुख आचार्य महर्षि वेदव्यासका शिष्य पैल हुन् । ऋग्वेदका उपासक (मूल पुरोहित) लाई होता भनिन्छ । ऋग्वेदका प्रमुख देवता अग्नि हुन् । ऋग्वेदको उपवेद आयुर्वेद हो भने पुरुषार्थशास्त्र धर्मशास्त्र हो । ऋग्वेदका दुई ब्राह्मण ग्रन्थ ऐतरेय र कौषीतकि, तीन आरण्यक ग्रन्थ ऐतरेय, कौषीतकि र सांख्यायनका साथै ऐतरेय आदि विभिन्न २१ उपनिषद् छन् ।

## २. यजुर्वेद

'यजुस् शब्दको अर्थ हुन्छ- यज्ञ । यजुर्वेदमा यज्ञसँग जोडिएका सबै विधि तथा मन्त्रहरू उल्लेख गरिएको छ । यजुर्वेदमा यज्ञका सँगसँगै तत्त्वज्ञान, आत्मा, ईश्वर तथा पदार्थज्ञानको पनि वर्णन पाइन्छ । यजुर्वेदमा गद्यमय र पद्यमय दुवै ऋचाहरू छन् । यजुर्वेदमा एक हजार ९७५ ऋचा छन् । कृष्णयजुर्वेद र शुक्लयजुर्वेद गरी यजुर्वेदका दुई प्रकार छन् । कृष्णयजुर्वेदका ८६ र शुक्लयजर्वेदका १५ गरी यजुर्वेदमा जम्मा १०१ शाखा रहेका छन् ।

वर्तमानमा कृष्णयजुर्वेदका चार तैत्तिरीय, मैत्रायणी, कठ र कपिष्ठलाख्या र शुक्लयजुर्वेदका दुई माध्यन्दिनीय र काण्व गरी जम्मा छ शाखामात्र उपलब्ध छन् । यजुर्वेदका प्रमुख आचार्य महर्षि वेदव्यासका शिष्य वैशम्पायन हुन् । यजुर्वेदका उपासक (मूल पुरोहित) लाई अध्वर्यु भनिन्छ । यजुर्वेदका प्रमुख देवता वायु हुन् । यजुर्वेदको उपवेद धनुर्वेद हो भने पुरुषार्थशास्त्र मोक्षशास्त्र हो । शुक्लयजुर्वेदको शतपथब्राह्मण र कृष्णयजुर्वेदको तैत्तिरीय ब्राह्मण तथा शुक्लयजुर्वेदको बृहदारण्यक र कृष्णयजुर्वेदको तैत्तरीय ब्राह्मण र दुवैको ईशावास्य, कठ आदि नौभन्दा धेरै उपनिषद् रहेका छन् । नेपालमा विशेषगरी शुक्लयजुर्वेदको माध्यन्दिनीयवाजसनेय शाखाको अध्ययन परम्परा प्रचलनमा छ ।

## ३. सामवेद

साम अर्थात् गीत-गायन । संगीतको मूल आधार सामवेद हो । ध्यान र शान्तिका लागि सारा संसार शास्त्रीय संगीतको उपयोग गर्दछ किनकि संगीतले आनन्दित तुल्याउँछ । संगीतका सप्तस्वर (सा-रे-ग-म-प-ध-नि) पनि सामवेदमै संग्रहित छन् । भगवान् श्रीकृष्णले पनि भगवद्गीतामा 'वेदानां सामवेदोऽस्मि' अर्थात् वेदहरूमा म सामवेद हुँ भनेर गीतिमय आनन्दलाई नै रोजेका छन् । सामवेदका विषयमा गीतामा मात्र नभएर महाभारतमा पनि 'सामवेदश्च वेदानां यजुषां शतरुद्रीयम्' इत्यादि धेरै सूक्तिहरू पाइन्छन् । सामवेदमा एक हजार शाखा तथा एक हजार ८७५ ऋचा रहेका छन् । सामवेदका एक हजार ८७५ ऋचामध्ये एक हजार ८०० ऋचा ऋग्वेदबाटै लिइएका हुन्, बाँकी ७५ ऋचामात्र सामवेदका हुन् । सामवेदका एक हजार शाखामध्ये वर्तमान समयमा कौथुमीय, रामायणीय र जैमिनीय गरी तीन शाखामात्र उपलब्ध छन् । सामवेदका प्रमुख आचार्य महर्षि वेदव्यासका शिष्य जैमिनी हुन् । सामवेदका उपासकलाई उद्गाता भनिन्छ । सामवेदका प्रमुख देवता आदित्य हुन् । सामवेदको उपवेद गान्धर्ववेद हो भने पुरुषार्थशास्त्र कामशास्त्र हो । सामवेदका ब्राह्मण ग्रन्थहरूमा आर्षेय, ताण्ड्य, षड्विंशच्छान्दोग्य, जैमिनीय, भल्लवी आदि रहेका छन् भने आरण्यक ग्रन्थहरूमा छान्दोग्य, जैमिनीय, सामविधान आदि छन् । उपनिषद्हरूमा केनोपदिषद् आदि सहस्र संख्यामा रहेका छन् ।

## ४. अथर्ववेद

अथर्वको अर्थ हुन्छ, अकम्पन । ज्ञानले श्रेष्ठ कर्म गर्दै जो परमात्माको उपासनामा तल्लीन हुन्छ, त्यही नै अकम्पन बुद्धि प्राप्त गरेर मोक्ष धारण गर्न सक्दछ भने अथर्ववेदको मुख्य अभिप्राय रहेको छ । अथर्ववेदको नाम अथर्वऋषिको नामबाट रहेको हो । अथर्ववेदका ऋचाको संकलन मुख्यतया अथर्वाऋषि र अंगिराऋषिले गरेका हुन् । भाषा तथा स्वरूपका आधारमा अथर्ववेदलाई सबैभन्दा अन्तिममा रचना गरिएको मानिन्छ । अथर्ववेदमा नौ शाखा, २० काण्ड तथा पाँच हजार ९८७ ऋचा रहेका छन् । अथर्ववेदका नौ शाखामध्ये वर्तमानमा शौनक र पैप्पलाद गरी दुई शाखामात्र उपलब्ध छन् । अथर्ववेदका उपासकलाई ब्रह्मा भनिन्छ । अथर्ववेदका प्रमुख आचार्य महर्षि वेदव्यासका शिष्य सुमन्तु हुन् । अथर्ववेदका प्रमुख देवता सोम हुन् । अथर्ववेदको उपवेद स्थापत्यवेद हो भने पुरुषार्थशास्त्र अर्थशास्त्र हो । अथर्ववेदको ब्राह्मण ग्रन्थ गोपथ हो । यस वेदका आरण्यक ग्रन्थ छैनन् । मुण्डकोपनिषद् आदि यस वेदका ५० भन्दा धेरै उपनिषद् छन् ।

*(लेखक वाल्मीकि विद्यापीठमा शास्त्री तहमा अध्ययनरत छन्)*

## मननयोग्य

### चाणक्य नीति

उनले आफ्ना मृत्युका मुखमा घुमाएर गुप्तभन्दा गुप्त रहस्यहरू पाउन तयार पारेका थिए। यसकै परिणामस्वरूप ने राक्षसद्वारा पुरु तथा मलय र अन्य पांच राजास पाटलीपुत्र (पटना) मा आक्रमण गर्ने सूचना पाएका थिए चाणक्यले ।

पाटलीपुत्र (पटना) को दरवार, सबै राजदवारिया आफ्ना स्थान अनुशासित भई बसिसकेका छन् । विगुलको स्वरसँगै उद्घोषको महाराज चन्द्रगुप्त आउदै हुनुहुन्छ भन्ने घोषणा सुनियो । अर्को घोषणा प तेजस्वी महानीतिज्ञ मगधका भाग्यविधाता महात्मा चाणक्य दरवारमा हुनुहुन्छ भन्ने पनि ।

एउटा बीर सेनापतिको जस्तो चालले चन्द्रगुप्त सिंहासनमा आई बसे । नजिकै भव्य सिंहासनमा बस्नुभन्दा पूर्व चारैतिर नजर लगाई हेरे आसनमा बस्दै बन्दीसेल्युकसलाई ससम्मान उपस्थित गराउने आदेश दिए । केहीबेरपछि सेल्युकस पराजित योद्धाजस्तै गर्दन झुकाई राज्यसभामा प्रवेश गऱ्यो ।

चाणक्यले आफै खडा भई सेल्युकसको स्वागत गर्दै भने- 'को मगध साम्राज्यका युनानका सम्राटलाई स्वागत छ ।'

चाणक्यले अपनत्व देखाउदै भने- 'भारतवर्षका बासिन्दाहरू पाहुनालाई भगवान् सम्झन्छन् युनानाधिपति र फेरि को भन्छ तपाईं सम्राट होइन । युनान र भारतवर्ष एक हुन सकोस् । यसैले मैले तपाईलाई मैत्रीभावते अतिथिस्वरूप बोलाएँ, यसमा कुनै सन्देह छैन ।

'म चाहन्छु भारतवर्ष र युनानको सम्बन्ध यस्तो होस् जसलाई कुनै पनि तरबारले काट्न नसकोस् ।' 'पराजित भई दयास्वरूप मित्रता गर्नु र प्राथको भीख माग्नुमा कुनै अन्तर छैन महोदय तात्पर्य जान्नुहुन्छ एउटा वीर पुरुष प्राणका भीख कहिल्यै पनि माग्दैन', सेल्युकंसले विक्षुब्ध भावने भन्यो ।

जयपराजय त चल्दै रहन्छ, जीवनमा कुनै राम्रो काम गर्दा हार नै पनि यसको भागी बन्छ, तर निन्दित विचारले भएको जयले पनि अपयश नै दिन्छ, एउटा राजाको राज्य विस्तार राम्रो कुरा हो, तर निरीह व्यक्तिको हत्या गरेर उनीहरूका रगतले मिनी बनेको राजाको के सुखकारी हुन्छ ? तपाई नै भन्नोस् के पाइयो नरसंहार गरेर ? के आत्माले शान्ति पायो ? क्रमशः

# सम्झनामा दालकुमारी सुनुवार

▶▶ दिपा सुनुवार

संविधानसभा सदस्य दालकुमारी सुनुवारको पुस १४ गते शनिबार निधन भएको छ । उहाँको सोमबार (पुस १६) पशुपति आर्यघाटमा अन्त्येष्टि गरियो । थाइराइड क्यान्सरबाट ग्रसित ८१ वर्षीया दालकुमारी ललितपुरको हरिसिद्धिस्थित नेपाल क्यान्सर अस्पतालमा उपचाररत थिइन् । उनी सुनुवार सेवा समाज संघीय समितिकी सल्लाहकारका रूपमा सामाजिक क्षेत्रमा सक्रिय थिइन् । साथै, राजनीतिक रूपमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)सँग उनको आबद्धता थियो ।

रामेछापको उमाकुण्ड गाउँपालिका गुप्तेश्वर निवासी स्व.दालकुमारी पञ्चायतकालदेखि नै राजनीतिमा सक्रिय हुँदै आएकी थिइन् । वर्गीय संगठनअन्तर्गत तत्कालीन जनकपुर अञ्चलको महिला संघको सभापतिबाट उनले राजनीति सुरु गरेकी थिइन् । महिलाहरूको आयआर्जन, अधिकार र जागरणका लागि सधैं अग्रपंक्तिमा उभिने गर्थिन् । जिल्ला-जिल्लामा उनले नारी शिल्पकला केन्द्रको स्थापना गरी आयआर्जनमा महिलाहरूलाई संलग्न गराएकी थिइन् ।

वि.सं. २०३० सालदेखि राजनीतिमा प्रवेशपश्चात् २०४३ मा राष्ट्रिय पञ्चायत सदस्य उम्मेदवार बनिन् । जसमा विजय नभए पनि सात हजार ३७५ मत प्राप्त गरेकी थिइन् । वि.सं. २०४६ सालको राजनीतिक परिवर्तनपछि २०४७ सालदेखि राष्ट्रिय प्रजातन्त्र पार्टीमा प्रवेश गरी हालसम्म राजनीतिमा सक्रिय रहँदै आएकी थिइन् ।

रामेछाप जिल्ला नेपाल महिला संगठनको कार्यसमितिमा २०४४ देखि ०४६ सम्म सभापति भएर काम गरिन् । नेपाल महिला संगठन २०३९, रगुप्तेश्वर गाउँ पञ्चायतमा जिल्ला कार्यसमितिको उपसभापति र महिला संगठन कार्यसमितिको सभापतिको रूपमा २०३८ देखि ३९ सम्म काम गरिन् । जनकपुर अञ्चल कार्यसमितिमा २०३९ देखि ०४४ सम्म सभापतिका रूपमा नेपाल महिला संगठनमा काम गरिन् । २०४३ सालको राष्ट्रिय पञ्चायत सदस्य पदको निर्वाचनमा रामेछापबाट उम्मेदवार बनेकी सुनुवार झिनो मतान्तरले पराजित भएकी थिइन् । बहुदलीय व्यवस्था प्राप्तिपछि सुनुवार राष्ट्रिय प्रजातन्त्र पार्टीमा संलग्न रहिन् ।

रामेछापको राष्ट्रिय प्रजातन्त्र पार्टीमा अध्यक्षका रूपमा २०५९-०६२ सम्म रहिन् भने अनुगमन समितिमा पनि संयोजकका रूपमा २०६१-०६२ सम्म काम गरिन् । २०५५ सालमा राप्रपाको प्रजातान्त्रिक महिला संघमा केन्द्रीय कार्यसमितिको उपसभापतिका रूपमा पनि नेतृत्व गरिन् ।

२०५९ सालमा राजपरिषद् सदस्यमा मनोनीत भई उपसभापतिको पदमा बसेर काम गरिन् । राप्रपाबाट २०६४ को संविधानसभामा समानुपातिकतर्फबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएकी थिइन् । सुनुवारले राप्रपाको केन्द्रीय सदस्यको रूपमासमेत केही अवधि कार्य गरिन् । पूर्वराजा ज्ञानेन्द्र शाहको प्रत्यक्ष शासनकालमा राजपरिषद् स्थायी समिति सदस्यसमेत रहेकी सुनुवार रामेछाप जिल्लाको अनुगमन समितिकी संयोजकसमेत रहेकी थिइन् । उनले राष्ट्रिय प्रजातान्त्रिक आदिवासी जनजाति सुनुवार संघको केन्द्रीय समितिमा अध्यक्षमा



रहेर पनि काम गरिन् ।

### पारिवारिक पृष्ठभूमि

स्व. सुनुवारको परिवारमा श्रीमान् मानबहादुर सुनुवार भूतपूर्व लप्टन हुन् । उनका तीन छोरा छन् । जेठा छोरा जंगबहादुर सुनुवार ब्रिटिस गोर्खाका नायक, साहिला छोरा राजेन्द्रप्रसाद नेपाली सेनाका कर्नेल र कान्छा छोरा राजेन्द्रकुमार नेपाल प्रहरीका प्रहरी निरीक्षक छन् ।

### समाज सेवा

नेपाल राष्ट्रिय जातीय संग्रहालयको प्रथम उपाध्यक्ष (२०७२), श्रीहुपनि महिला जागरण तथा सीप विकास केन्द्र रामेछापको अध्यक्ष (२०६२-०८०), क्रिष्टल युवा क्लब (२०५८) र सुनुवार सेवा समाज सेवाको सल्लाहकार (२०५५-०८०), नेपाल रेडक्रस सोसाइटीको रामेछापमा संयोजक (२०४६), जिल्ला खेलकुद समिति रामेछाप (२०४४-०४६), जिल्ला शिक्षा समिति सदस्य (२०४३-४६) लगायत विभिन्न संघसंस्थामा आबद्ध रही सामाजिक कार्यमा सक्रिय बनेकी थिइन् । यसैगरी नेपाल बाल संगठनको उपसभापति (२०४३-०४६), नेपाल महिला शिल्पकला केन्द्र अध्यक्ष (२०४५), नारी सेवा केन्द्र अध्यक्ष (२०४२), सिन्धुलीमा निर्माण व्यवसायी संघको सदस्य (२०३४)का रूपमा उनले काम गरेकी थिइन् ।

### पदक तथा सम्मान

प्रसिद्व सुप्रवल गोर्खा दक्षिणबाहु दोस्रो-२०६२, दैवी प्रकोप पदक-२०६२, भूकम्पपीडित सेवा पदक-२०४५, रत्न साक्षरता पदक- २०४२, हातेमालो अभियान नेपाल, राष्ट्रिय नारीबाट र २०७१ सालमा फोकस नेपाल विशेष सेवाबाट सम्मानित भएकी थिइन् । २०७२ सालमा कैलेश्वरी उच्च माध्यमिक विद्यालय गुप्तेश्वर, सुनुवार विद्यार्थी समाज र एकीकृत महिला जागरण तथा सीप विकास समूह रामेछापबाट सम्मान पाएकी थिइन् ।

यसैगरी १०३औं अन्तर्राष्ट्रिय नारी दिवस सम्मान-२०६९, एकीकृत महिला जागरण तथा सीप विकास प्रंशसापत्र-२०६८, सुनुवार महिला समाजबाट अभिनन्दित-२०६५, भद्रकुमारी घले सेवा सदन अभिनन्दन-२०६४ लगायत थुप्रै सम्मान प्राप्त गरेकी थिइन् । स्व. दालकुमारीले मलेसिया, सिंगापुर, हङकङ, थाइल्याण्ड, बेलायत, अमेरिका, ओमान, आइसल्याण्ड, कतार, बहराइन, टर्की, चीन, भारत, भुटान आदि देशको भ्रमण गरेकी थिइन् ।

# अन्नपूर्ण क्षेत्रमा इतिहासकै बढी पर्यटक भित्रिए

**गण्डकी–** पदयात्राका लागि विश्व प्रसिद्ध अन्नपूर्ण क्षेत्रमा सन् २०२३ मा एक लाख ९१ हजार ५५८ विदेशी पर्यटक भित्रिएका छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का अनुसार उक्त संख्या हालसम्मकै बढी हो । त्यसअघि सबैभन्दा बढी सन् २०१९ मा एक लाख ८१ हजार पर्यटकले अन्नपूर्ण क्षेत्र घुमेका थिए ।

'अन्नपूर्ण क्षेत्रमा सन् २०२३ मा पर्यटक आगमनमा नयाँ रेकर्ड कायम भएको छ,' अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका प्रमुख डा. रविन कडरियाले भने, 'पछिल्लो समय दक्षिण एसियाली देशका पर्यटक बढेका छन्, अन्य देशका पर्यटक भने घटेको पाइएको छ ।' सन् २०१९ मा दक्षिण एसियाली देशका जम्मा ५३ हजार ७१० पर्यटक अन्नपूर्ण पुगेकामा गत वर्ष ९७ हजार ५५४ जना उक्त क्षेत्रको भ्रमण गरेका थिए ।

अन्य देशका पर्यटक भने पहिलेको तुलनामा घटेको 'एक्याप'को तथ्यांकमा उल्लेख छ । सन् २०१९ मा 'सार्क' क्षेत्रबाहेकका देशका एक लाख २७ हजार २९० पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएकामा गत वर्ष जम्मा ९४ हजार चार जनाले सो क्षेत्र घुमेको आयोजना प्रमुख डा. कडरियाले जानकारी दिए ।

उनका अनुसार सन् २०२३ मा १७३ देशका पर्यटक अन्नपूर्ण क्षेत्रमा पुगेका थिए । जसमध्ये सबैभन्दा बढी भारतका ९६ हजार १८७ पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका हुन् । सो अवधिमा फ्रान्सका आठ हजार ५२६, जर्मनका सात हजार ६४१, अमेरिकाका सात हजार २४९, बेलायतका सात हजार १७४ र चीनका छ हजार ३२३ पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएको तथ्यांक छ ।

कोभिड-१९ महामारीका बेला पर्यटक आगमन ह्वात्तै घटेकामा महामारीको अन्तयसँगै अन्नपूर्ण क्षेत्रको पर्यटनले पुनः पुरानै लय समातेको हो । उक्त महामारी छँदा सन् २०२१ मा जम्मा १६ हजार १०५ पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए । त्यसको अर्को वर्ष अर्थात् सन् २०२२ मा एक लाख २९ हजार ७३३ पर्यटक त्यस क्षेत्रमा पुगेका थिए ।

आयोजना प्रमुख डा. कडरियाले पुराना पदमार्ग विस्थापित हुँदै जाँदा पदयात्राका लागि आउने युरोप-अमेरिकाका पर्यटकको संख्या घटेको बताए । 'सडक मार्ग विस्तारले अन्नपूर्ण क्षेत्रमा पदमार्गको अस्तित्व संकटमा परेको छ, जसले गर्दा पदयात्रामा आकर्षण घट्दै गएको पाइएको छ,' उनले भने, 'विश्वका उत्कृष्ट १० गन्तव्यभित्र परिसकेको अन्नपूर्ण क्षेत्रको पहिचानलाई कायमै राख्न यस क्षेत्रका पदमार्गलाई जोगाउनु आवश्यक छ, पर्यटन सम्बद्ध सबैको यसतर्फ ध्यान जानु जरुरी छ ।'

अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरंला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायतका गन्तव्यस्थलमा बर्सेनि लाखौं आन्तरिक तथा बाहृय पर्यटक पुग्ने गरेका छन् ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले ती गन्तव्यस्थलमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्यांक राख्ने गरेको छ । 'आन्तरिक पर्यटकको संख्या त एकिन नै गर्न सकिँदैन, सडक मार्ग भएर मुस्ताङ र मनाङ छिर्नेको संख्या उल्लेख्य रहेको हुन्छ,' प्रमुख डा. कडरियाले भने, 'असोज-कात्तिक र चैत-वैशाख गरी दुई याममा पर्यटकको चाप बढी हुन्छ ।' सात हजार ६०० वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र पदयात्राका लागि आकर्षक गन्तव्य मानिन्छ ।

त्यस बखत उनले हिमालमा सूर्योदयको किरण देखेर आफू छक्क परेको र नेपालको प्राकृतिक बनोट अद्भूत रहेको बताएका थिए । अमेरिकी समाचार संस्था 'सिएनएन'ले सन् २०२३ मा विश्वका घुम्नैपर्ने २३ गन्तव्यको सूचीमा परेको मुस्ताङ उपत्यका पनि अन्नपूर्ण संरक्षण क्षेत्रमै पर्छ । पर्यटक पथप्रदर्शक दिवस गुरुङले अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले पर्यटकको रोजाइमा पर्ने गरेको बताए ।

'कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा तय गर्न सकिन्छ,' उनले भने, 'आकर्षक गन्तव्यस्थलहरू, पर्यटनमैत्री पूर्वाधार, स्थानीयवासीको आतिथ्यता र सेवासुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि उत्कृष्ट छ ।' *रासस*

## सुयोग बहुउद्देश्यीय सहकारी संस्था लि.

मानभवन–२०, ललितपुर

### धितो लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०९/१९**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले तपसिलमा उल्लेखित घर जग्गा धितो राखी यस सहकारी संस्थाको कर्जाको लिखत बमोजिम ऋण उपभोग गरी यस संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र हर्जना रकम समेत तिर्न बुझाउन पटक पटक मौखिक र लिखित तरताकेता गर्दा तपाईले ऋण रकम नबुझाउनु भएकोले सहकारी नियमावली २०७५ को नियम ३० (क) बमोजिम बुझाउनु पर्ने ऋण रकम, ब्याज र हर्जनासमेत उल्लेख गरी ऋण चुक्ता गर्ने सम्बन्धी ७ दिनको अन्तिम ताकेताको म्याद बुझाउँदा समेत तपाईले ऋण कर्जा सम्बन्धी लिखतको शर्त तथा बन्देजहरु उल्लंघन गर्नु भएकोले सहकारी नियमावली २०७५ को नियम ३० (ख) बमोजिम लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित गरिएको छ । यस धितो लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस संस्थालाई तिर्नु बझाउनु पर्ने रकम नबुझाएमा ८ औं दिनमा धितोमा रहेको घर जग्गाको चलनचल्तीको मोल कायम गरी उक्त रकमबाट डाँक बढाबढ गरी यस संस्थाको मुख्य कार्यालय ललितपुर महानगरपालिका वडा नम्बर २० मानभवनमा लिलाम कार्य गरिनेछ । लिलाम हुने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खोल्ने समयदेखि शुरु गरी ४ बजे बन्द गरिनेछ ।

**तपसिल**

| जग्गा धनीको नाम | जिल्ला/गा.वि.स../न.पा. | कित्ता नं. | क्षेत्रफल/व.मि. | ऋणिको फोटो |
|---|---|---|---|---|
| १. श्रीमाती चन्दा सिटौला | लेले वडा नं. २ ग | ६५० | ०-५-०-० (रोपनी)<br>१५८.९५ |  |

**Himalayan Dipankar Foundation, New Road**
**Email id: himalayadipankar@gmail.com**

**Invitation to Tender**

Himalayan Dipankar Foundation, New Road, Kathmandu invites bids from eligible Contractors registered with Government of Nepal, using single envelope system, for the implementation of their Project entitled "Addition of Floor in a Hostel Building at Sitapaila, Kathmandu. Interested Contractors may obtain Tender Documents via email and submit it by 18 January, 2024:

**Date: 4 January, 2024**


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RUKN AL THIQAH SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/०९/१८ | LT. No. 297503 | चलानी नं. ६०२१२४८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 25 | 0 | 1200 | ४३,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० पौष २६ गते (11th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sagarmatha International Employment Pvt. Ltd.**
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9844078232, 9844078232
9823810701, 9746850593 E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com



## युएई र साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAMOUH EMPLOYMENT LLC

पूर्व स्वीकृति मिति २०८०/०९/१८ | LT. No. 297502 | चलानी नं.६०२२४९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Black Smith | 24 | 0 | 800 | २९,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labourer | 9 | 0 | 1200 | ४३,९४५ | | | | | | | |
| 3 | Carpenter | 23 | 0 | 1200 | ४३,९४५ | | | | | | | |
| 4 | Concrete Mason | 15 | 0 | 1200 | ४३,९४५ | | | | | | | |
| 5 | Insulation Worker | 4 | 0 | 1200 | ४३,९४५ | | | | | | | |
| 6 | Stone Mason | 14 | 0 | 1200 | ४३,९४५ | | | | | | | |

कम्पनी : SPEED HANDLING EST. FOR LOGISTIC SERVICES

पूर्व स्वीकृति मिति २०८०/०९/१८ | LT. No. 297543 | चलानी नं.६०२२४४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 15 | 0 | 1000 | ३५,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० पौष २६ गते (11th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Avion Human Resource Management Pvt. Ltd.**
श्रम ईजाजत नं. १५२४/०७४/७५
Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal.
Tel No.: +977 1 4599632, 4584744 Fax: +977-1-4479363 Mobile: 9801000591
Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SR DELI SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०२/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१८ | LT. No. 287602 | चलानी नं. ६०२१२५००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 7 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० पौष २६ गते (11th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: CEEYEM GROUP LIMITED COMPANY

पूर्व स्वीकृति मिति २०८०/०८/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१८ | LT. No.295076 | चलानी नं. ६०२१०२७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 14 | 0 | 1000 | ३५,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० पौष २६ गते (11th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SENTRETECH RESOURCES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०२/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१८ | LT. No. 264000 | चलानी नं.६०१८०१०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० असोज २४ गते (11th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**
श्रम ईजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4954342,
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADVANCE PROFESSIONAL TRADING & COTRACTING CO. LTD.

पूर्व स्वीकृति मिति : २०८०/०९/१३ | LT. No. 297281 | चलानी नं. ६०२१२४५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facilities Cleaning Worker | 9 | 0 | 1000 | ३५,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० पौष २५ गते (10th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**यो विज्ञापन LT No. 297281 मिति: २०८०/०९/१८ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।**

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOON STONE SALON

पूर्व स्वीकृति मिति: २०८०/०९/१८ | LT. No. 297016 | चलानी नं. ६०२१२४८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 3 | 150 | ५२,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० पौष २६ गते (11th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Chinari Overseas Pvt. Ltd.**
Govt. License 1165/073/074
P.O. Box : 8837, Dhumbarahi, Kathmandu, Nepal
Tel : +977-1-4372922/ 4376922 Fax : +977-1-4376922
E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IBRAHIM ABDULLAH AL-FARES & BROTHERS CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति: २०८०/०९/१३ | LT. No. 296912 | चलानी नं. ६०२१२४६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING AND UNLOADING WORKER | 5 | 0 | 1000 | ३५,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० पौष २६ गते (11th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: १०,०००**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ishan Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ५३२/२०६१/०६२
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ORDER AND WALK RESTAURANTS TO PROVIDE MEALS

पूर्व स्वीकृति मिति २०८०/०९/१८ | LT. No. :297526 | चलानी नं. ६०२१२४९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 15 | 0 | 1500 | ५३,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० पौष २६ गते (11th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Euro Tech Consultancy Pvt. Ltd.**
श्रम ईजाजत नं.५६७/०६२/०६३
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Fax: +977-1-4355158,
Mob No. 9851021264, 9851084492



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RELAX INSTITUTE AND SALON COMPANY HEALTH TREATMENT FOR WOMEN'S BEAUTY

पूर्व स्वीकृति मिति : २०८०/०९/१८ | LT. No. 297497 | चलानी नं. ६०२१२४७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/hairdresser/nail Technician/manicure Pe | 0 | 20 | 140 | ६०,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL NOUR AL ABYAD FACTORY FOR FOOD PACKAGING AND PACKAGING WORKS

पूर्व स्वीकृति मिति : २०८०/०९/१८ | LT. No. 297498 | चलानी नं. ६०२१२४७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 10 | 0 | 100 | ४३,४४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Welder | 10 | 0 | 130 | ५६,४८० | | | | | | | |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: १०,०००**

कम्पनी : CITY GROUP FOR GENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०७९/०९/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१८ | LT. No. 278376 | चलानी नं.६०१९७९७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nurse | 54 | 100 | 550 | २३८,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० पौष २६ गते (11th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

प्रभाव दैनिक

रूपशाला

## दयाहाङ र रिस्माको 'रिमै'मा जोडिए सौगात

अभिनेता दयाहाङ राई र अभिनेत्री रिस्मा गुरूङको मुख्य भूमिका रहने फिल्म हो 'रिमै' । फिल्मको मुख्य भूमिकाको लागि अभिनेता सौगात मल्ल पनि भित्रिएका छन् । निर्माण युनिटले बुधबार फिल्ममा सौगात जोडेको हो । दयाहाङ, रिस्मा र सौगातले एकसाथ फिल्म 'कबड्डी'को दोस्रो सिक्वेल 'कबड्डी कबड्डी' काम गरेका थिए । खिल बहादुर गुरूङको निर्देशन रहने फिल्म सिनेमा गोरखा सिरानचोक एण्ड लिगलिग कोट फिल्मस् प्रालिको ब्यानरले निर्माण हुन लागेको हो । फिल्ममा विरबल घलेको समेत मुख्य भूमिका रहनेछ ।



बिहीबार १९, पुस २०८० (Thursday, January 4, 2024)

# राष्ट्रिय चलचित्र पुरस्कारबारे सक्कल फाइल झिकाउन उच्चको आदेश






■ प्रभाव संवाददाता

**काठमाडौं–** उच्च अदालत पाटनले राष्ट्रिय चलचित्र पुरस्कार २०८० सम्बन्धी मुद्दामा जुरीको निर्णयको सक्कल फाइल पेश गर्न चलचित्र विकास बोर्डलाई आदेश दिएको छ । न्यायाधीशद्वय हरिप्रसाद पौडेल र रमेशराज पोखरेलको संयुक्त इजलासले बुधबार प्रमाण बुझ्ने निर्णय गर्दै उक्त आदेश दिएको अदालतका प्रवक्ता तीर्थराज भट्टराईले जानकारी दिए । 'आदेशानुसार सक्कल मिसिल आएपछि मात्र पेश हुनेछ,' उनले भने ।

राष्ट्रिय चलचित्र पुरस्कार २०८० मा सर्वोत्कृष्ट फिल्मको घोषणा नगर्ने बोर्डको निर्णयलाई चुनौती दिंदै 'प्रकाश' फिल्मका लेखक विकास सुवेदी, निर्देशक दिनेश राउत र जुम्लाका स्थानीय मीनराज आचार्यले असोज ४ गते रिट दायर गरेका थिए । बोर्डलाई विपक्षी बनाएर दायर गरिएको रिटमा जुरीको निर्णयको सक्कल प्रति झिकाउनुपर्ने र कारण देखाउन भन्दै परमादेशको माग गरिएको छ । मुद्दाको आगामी पेशी माघ ७ गतेलाई तोकिएको छ ।

भदौ १२ गते राष्ट्रपति कार्यालय शीतल निवासमा सर्वश्रेष्ठ फिल्मलाई छाडेर अन्य विधामा मात्र पुरस्कार वितरण गरिएको थियो । एक जना जुरी सदस्यले 'प्रकाश'लाई सिफारिस गरिएको तर बोर्ड नेतृत्वले नमानेको बताएका थिए ।

खासगरी सत्तारुढ माओवादी पार्टीलाई उक्त फिल्ममा नकारात्मक चित्रण गरिएकाले राजनीतिक हस्तक्षेपमा उक्त विधामा पुरस्कार नबाँडिएको भन्ने प्रतिक्रिया पनि आएका थिए । असोज ५ गते अदालतले उत्कृष्ट चलचित्र घोषणा नगर्नुको लिखित कारण पेश गर्न आदेश दिएको थियो ।

अध्यक्ष भुवन केसीले वारेसमार्फत पेश गरेको जवाफमा फिल्म 'प्रकाश'लाई जुरीले उत्कृष्ट चलचित्र भनी सिफारिस गरेको तर बोर्डका एक जना सदस्य रविचन्द्र अधिकारीले उजुरी निवेदन दिएपछि गठित तीन सदस्यीय समितिले दिएको प्रतिवेदनको सुझावको आधारमा उत्कृष्ट राष्ट्रिय चलचित्र विधाको पुरस्कार स्थगन गरिएको दाबी गरिएको छ ।

# संगीतकार रसिकलाई बेलायतमा सम्मान, मेन्याङ्बोलाई पुरस्कार





■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली प्रतिभा प्रतिष्ठान, बेलायतले यस वर्षका लागि प्रसिद्ध साहित्य तथा सङ्गीत साधक गणेश रसिकलाई प्रतिभा सम्मान अर्पण गर्ने निर्णय गरेको छ । यसै गरी प्रतिभा पुरस्कार मुन्धुमी कवि, कथाकार तथा पत्रकार प्रदीप मेन्याङ्बोलाई अर्पण गर्ने निर्णय गरेको छ । हालै बेलायतमा बसेको संस्थाको बैठकले उक्त निर्णय गरेको हो ।

लगभग पाँच दशकअघि 'लेकाली' समूहबाट गायनमा उदाएका गीतकार, सङ्गीतकार तथा गायक गणेश रसिकले नेपाली गीत-सङ्गीतका साथै कथा, कविता, उपन्यास, संस्मरण र निबन्ध विधाका दर्जनभन्दा बढी कृति प्रकाशित गरी नेपाली साहित्यको श्रीवृद्धिमा दिएको अतुलनीय योगदानको कदर गर्दै प्रतिभा सम्मान अर्पण गर्ने निर्णय गरिएको प्रतिष्ठानका नवनिर्वाचित अध्यक्ष टंक वनेमले बताए ।

रसिकका क्षितिजलाई छुन खोज्दा (कथा संग्रह, २०२४), एउटा सारङ्गी छुन खोज्दा (कथा संग्रह, २०२७), रसिकका गीतहरू (गीत संग्रह, २०४५), आकाशगंगाको ओतमुनि (उपन्यास, २०४८), जब सिस्नुहरू टेक्दै हिँडे (संस्मरण, २०५५), बिलाउँदै गएका गीत (कथा संग्रह , २०५८), दशगजामा उभिएर हेर्दा (उपन्यास, २०६३), स्वाधिनताको पीडा (गीत संग्रह, २०६८), पेरुङ्गो संस्करण (पाँच कृति, २०७३) लगायत मेरो अतीत (अडियो क्यासेट), अन्तराल (अडियो क्यासेट भाग १ र २), ओ ! शून्यता (सी.डी.) आदि प्रकाशित छन् ।

यसै गरी लामो समयदेखि पत्रकारितामा संलग्न रहँदै आएका मेन्याङ्बोको पुरुषगन्ध (कथाकृति, २०६०) प्रकाशित छ भने फुटकर रूपमा उनका विभिन्न पत्रपत्रिकामा मुन्धुमी कविताहरू प्रकाशित छन् । हाल उनी मुन्धुमी ज्ञानको खोज-अन्वेषण कार्यमा संलग्न रहेका छन् । सम्मान तथा पुरस्कारको राशि नगद एक लाख रूपैयाँ रहेको छ । प्रतिष्ठानका महासचिव चोक गुरुङका सम्मान तथा पुरस्कार चैत्र महिनाको अन्तिम साता काठमाडौँमा एक समारोहको आयोजना गरी अर्पण गर्ने कार्यक्रम रहेको छ ।

सन् २००८ मा बेलायतमा स्थापित यस प्रतिष्ठानबाट गत वर्ष वरिष्ठ कवि वैरागी काइँलालाई धरानमा बृहत् नागरिक अभिनन्दन गरिएको थियो । यसै गरी प्रतिभा पुरस्कारबाट सुदीप पाख्रिन पुरस्कृत भएका थिए ।

# मञ्जुल, गौतम र श्रेष्ठको 'आमा' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** समकालीन नेपाली काव्य जगत्का तीन वरिष्ठ कवि मञ्जुल, शिव गौतम र तीर्थ श्रेष्ठले संयुक्तरूपमा तयार पारेको काव्यकृति 'आमा' लोकापर्ण गरिएको छ ।

बुधबार यहाँ नेपाली लेखक सङ्घ केन्द्रीय कार्यसमितिले आयोजना गरेको कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति केदार भक्त माथेमाले कृतिको लोकार्पण गरेको हो । माथेमाले उक्त काव्य कृतिमा प्राकृतिक विम्ब समावेश भएकाले पुस्तक अत्यन्तै उपयोगी र पठनीय रहेको बताए । उनले विद्यालय तहदेखिनै विद्यार्थीमा साहित्यसम्बन्धी ज्ञान दिन आवश्यक रहेको बताए ।

जम्मा ७९ पेजमा तयर गरिएको उक्त पुस्तकमा तीन कविहरूले तीन खण्डमा आमा शीर्षकका कविता लेखेका छन् । पुस्तकको मुल्य रु दुई सय ५० निर्धारण गरिएको छ ।

उक्त पुस्तकका लेखक एवं कवि तीर्थ श्रेष्ठले संसारमा सबैभन्दा बढी बोलिने, खर्च गरिने र प्रिय शब्द आमा भएकाले यस शीर्षकमा नेख्नका लागि आफू कहिल्यै नथाक्ने बताए । त्यस्तै अर्का लेखक शिव गौतमले आमाको स्पर्श र अभाव साथैसाथै रहिरहने बताए । उक्त अवसरमा कवि मञ्जुल, गौतम र श्रेष्ठको कवितामा सरल भाषामा लेखिएका गहन अनुभूति र विचार पाइने भएकाले आफूसहित तीनै जना मिलेर संयुक्तरूपमा काव्यकृति तयार पारी सार्वजनिक गरिएको जानकारी दिइएको थियो ।



पिएम कप महिला क्रिकेट

# एपिएफ बन्यो च्याम्पियन








■ प्रभाव संवाददाता

**काठमाडौं–** विभागीय टोली एपिएफ क्लबले प्रधानमन्त्री कप महिला राष्ट्रिय टी-ट्वान्टी क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ ।

बुधबार भएको फाइनल खेलमा कोशी प्रदेशलाई ११ रनले हराउँदै एपीएफले उपाधि जितेको हो । त्रिवि क्रिकेट मैदानमा एपीएफले दिएको ११५ रनको लक्ष्य पछ्याएको कोशीले निर्धारित २० ओभरमा ४ विकेट गुमाउँदै १०३ रन बनायो । कोशीका लागि रुविना क्षेत्रीले रनको अर्धशतकीय पारी खेलिन् । ५८ बल खेलेकी उनले ७ चौका र १ छक्का प्रहार गरिन् । त्यस्तै लागि काजल श्रेष्ठले २२ रन बनाउँदा अप्सरी बेगमले ८ रनको योगदान गरिन् ।

बलिङतर्फ एपीएफका लागि सीता राना मगर र करुणा भण्डारीले एक-एक विकेट लिइन् । यसअघि टस जितेर पहिले ब्याटिङ गरेको एपीएफले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै ११४ रन बनाएको थियो ।

एपीएफका लागि इन्दुले ५३ रनको अर्धशतकीय पारी खेलिन् । ४७ बल खेलेकी उनले ६ चौका र १ छक्का प्रहार गरिन् । एपिएफका लागि ज्वती पाण्डेले २७ रन बनाउँदा रोमा थापा १४ तथा सरिता मगरले ९ रनको योगदान गरिन् ।

बलिङतर्फ कोशीका लागि अप्सरी बेगमले ह्याट्रिक विकेट लिइन् । उनले अन्तिम ओभरमा तीन विकेट लिइन् । त्यस्तै अलिशा खाडियाले दुई विकेट लिँदा रुविना क्षेत्री र निशा शाहले एकएक विकेट लिइन् ।

### ज्योतिले लिइन् सन्यास

राष्ट्रिय महिला क्रिकेट टोलीकी अनुभवी खेलाडी ज्योति पाण्डेले सक्रिय खेल जीवनबाट सन्न्यास लिएकी छन् । काठमाडौँमा बुधवार सम्पन्न प्रधानमन्त्री कप महिला राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिताको समापनसँगै उनले सक्रिय खेल जीवनबाट सन्न्यास लिएकी हुन् । राष्ट्रिय टोलीकी ओपनर ज्योतिको सन्न्यास सुखद रह्यो । सशस्त्र प्रहरी बलको एपीएफ क्लबलाई प्रधानमन्त्री कपको उपाधि चुमाउँदै उनले सक्रिय खेल जीवनबाट सन्न्यास लिएकी हुन् । उनी टोलीकी प्रभावशाली विकेटकिपर पनि हुन् ।

### रुविना सर्वोत्कृष्ट खेलाडी

कोशी प्रदेशकी कप्तान रुविना क्षेत्री प्रधानमन्त्री कप महिला टी-ट्वान्टी राष्ट्रिय प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडी घोषित भएकी छन् । प्रतियोतिगा भर कोशी प्रदेशलाई उपाधि नजिक पुगाउन महत्वपूर्ण भूमिका खेलेकी रुविना सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै यमाह १२५ सिसीको स्कुटर प्राप्त गरेकि छन् । रुविनाले यस प्रतियोगितामा १० खेलमा ३ अर्धशतकसहित ३४५ रन बनाइन् ।

यस्तै प्रतियोगिताको उदीयमान खेलाडी गण्डकी ज्योत्स्निका मरासिनीले प्राप्त गरिन् । प्रतियोगिता उत्कृष्ट बलर पुजा महतो चुनिन् । सुमन खतिवडा प्रतियोगिताको उत्कृष्ट ब्याटर चुनिन् ।

# यू-१९ राष्ट्रिय महिला फुटबल टिमको प्रशिक्षकमा साहुखल

**काठमाडौं (प्रस)–** बालगोपाल साहुखल यु-१९ राष्ट्रिय महिला टोलीको मुख्य प्रशिक्षकमा नियुक्त भएका छन् । सहायक प्रशिक्षकमा गंगा गुरुङ र श्यामसुन्दर सिंह र गोलकिपिङ प्रशिक्षकमा शैलेश कर्माचार्य नियुक्त भएका छन् । एन्फाका महासचिव किरण राईले बुधबार सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा नियुक्त भएका चारै जना पदाधिकारीलाई नियुक्ति पत्र हस्तान्तरण गरेका हुन् । कोचिङ टोलीले बंगलादेशको ढाकामा फेब्रुअरी २ देखि ८ सम्म हुने साफ यू-१९ महिला च्याम्पियनसिपमा नेपालको नेतृत्व गर्नेछ ।



# मधेस प्रदेश कपः बारा र पर्सा विजयी

■ प्रभाव संवाददाता

**निजगढ–** मधेस प्रदेश स्तरिय प्रधानमन्त्री कप एकदिवसीय क्रिकेटअन्तर्गतको बुधबारको खेलमा बाराले सहज जित हात पारेको छ । बुधबार भएको खेलमा बाराले सिरहालाई ५६ रनले पराजित गर्दै प्रतियोगिताको सुखद सुरुवात गरेको हो । कलैयास्थित सिद्धेश्वर क्रीकेट मैदानमा टस जितेर पहिले ब्याटिङ रोजेको घरेलु टोलि बाराले ३९ ओभर बलमा अलआउट हुँदै १६४ रन बनाएकोथियो ।

बाराको लागि युवा ब्याटर निरज यादवले नटआउट अर्धशतक प्रहार गरे । उनले ४८ बलमा ६ वटा चौका र १ वटा छक्का प्रहार गरे । त्यस्तै अरनिको यादवले ३५ बलमा ३ चौका र २ छक्का प्रहार गर्दै ४० रन बनाए । अरनिको अफुरुद्धिन रैनको बलमा दिपेश दास मार्फत क्याच आउट भए । बाराका भुलवन सहनिले २९ बलमा ३ वटा छक्का प्रहार गर्दै २५ रन बनाए ।

भुलवन पार्थिभ यादवको बलमा कृष्ण साह मार्फत क्याच आउट भए। कप्तान अनिल कुमार साहले २७ बलमा २ चौका र १ छक्काको सहयोगमा २० रन बनाए । कप्तान अनिललाई सिरहाका कप्तान रूपेश सिंहले एलबीडब्लू आउट गरे । बाराका अन्य ब्याटरहरूले दोहोरो अंकमा रन बनाउन सकेनन । सिरहाको लागि अफुरुद्धिन रैनले सर्वाधिक तीन विकेट लिए । अफुरुद्धिनले ८ ओभरमा ३२ रन खर्चिएका थिए । तेस्तै कप्तान रूपेश सिंह र आशुतोष डोटेलले २र२ विकेट लिए भने पार्थिभ यादव,फतेह सिद्धिकी र प्रदिप पासवानले समान एक-एक विकेट हात पारे ।

३९ ओभर ३ बलमा अलआउट भएको बाराले सिरहालाई जितकोलागि १६५ रनको सामान्य लक्ष्य प्रस्तुत गरेकोथियो । तर बाराका बलर शंकर पौडेल एक्लैले ६ विकेट हात पार्दा सिराहा पराजित हुन पुग्यो । जवाफी ब्याटिङमा उत्रिएको सिरहाको लागी दिपेश दासले सर्वाधिक ४२ रन बनाउनु बाहेक अन्य ब्याटरहरूले दोहोरो अंकमा रन बनाउन सकेनन । दिपेशले ५३ बलमा १ चौका र ४ छक्का प्रहार गर्दै सिरहालाई सम्हाल्ने प्रयास गरेपनि रोहन साह मार्फत शंकर पौडेलले क्याच आउट गराएपछि पेभेलियन फर्किएकाथिए ।

२२ ओभर ४ बलमा अलआउट हुँदै सिरहाले मात्र १०८ रन बनाउनसक्यो । बाराकालागी शंकरले ६ ओभर ४ ओभर बलिङ गर्दै २ मेडन सहित १६ रन खर्चिएर सर्वाधिक ६ विकेट लिए । तेस्तै भुलवन सहनिले २ तथा बिकास प्रसाद पटेल र अरनिको यादवले समान एक एक विकेट हात पारे । बाराको जितमा शानदार प्रदर्शन गरेका शंकर खेलको प्लेयर अफ द म्याच चुनिए ।

अर्को खेलमा पर्साले धनुषालाई ५ विकेटले हराएकोछ । बिरगंज स्थित नारायणी रंगशालामा सम्पन्न खेलमा २९ ओभरमा ९३ रन बनाउदै धनुषा अलआउट भएकोथियो । धनुषाकालागी मयन यादवले ४८ बलमा सर्वाधिक ३२ रन बनाउदै टोलिलाईअघि बढाउने प्रयास गरेपनि टोलिका अन्य ब्याटरहरूले राम्रो प्रदर्सन गर्न सकेनन । धनुषालाई सस्तैमा समेट्न पर्साका रन्जित कुमारले सर्वाधिक ३ विकेट लिए । जवाफी ब्याटिङमा पर्साले २७१ ओभरमा लक्ष्य भेट्टायो । पर्साका लागि मन्जय महतोले ४६ बल खेल्दै ३३ रन बनाए । धनुषाका हरिशंकर साहले २ विकेट लिए । प्रतियोगिता अन्तर्गत बिहीवार २ वटा खेलहरू हुनेछ ।

# ‘सामाजिक नियन्त्रण र सजायमा उत्तर कोरिया’

■ प्रभाव संवाददाता

**काठमाडौं–** अधिकांश देश र नागरिकको दृष्टिकोणमा उत्तर कोरिया निकै नै तानाशाह देखिन्छ। तर तानाशाहको अन्त्य गर्नका लागि प्रजातन्त्र माग्दै विश्वका धेरै देशमा आन्दोलन भएका छन् । उत्तर कोरियामा पनि मानवअधिकार उल्लंघनका घटनाहरू आपराधिक मुद्दा प्रक्रियाहरूमा प्रायः हुन्छन् । सार्वजनिक परीक्षण र सार्वजनिक मृत्युदण्ड, फौजदारी अदालत प्रक्रियाहरू पनि हुन्छन् । यसबीचमा न्यायिक अधिकारहरू जस्तैः परामर्शको अधिकार र पुनरावेदन गर्ने अधिकारको हनन् हुन्छ ।

यसबाहेक उत्तर कोरियाली सरकारले उत्तर कोरियाली जनतालाई राजनीतिक जेल शिविरहरू विनापरीक्षण कैद गर्दछ भन्ने एक प्रतिवेदन सार्वजनिक भएको छ । उत्तर कोरियामा सामाजिक नियन्त्रण र सजायको वास्तविकता के हो ? भन्ने विषयमा प्रकाशित प्रतिवेदनले उत्तर कोरियाको वास्तविकता छर्लंग पारेको छ । उत्तर कोरियामा फौजदारी मुद्दा प्रक्रियाको समयमा मानवअधिकारका कुराहरू, हिरासतमा यातना र अमानवीय व्यवहार, त्यसका लागि उत्तर कोरियामा हिरासतमा सुविधाका प्रकारहरू समेटेर प्रतिवेदन सार्वजनिक भएको हो ।



प्रतिवेदनअनुसार उत्तर कोरियाका नागरिकहरूले मानवअधिकार सुरक्षाका लागि धेरै संघर्ष पनि गर्नु परेको छ । जहाँ प्रजातन्त्र छैन वा स्वतन्त्र हुन सकेका छैनन् । नागरिकले कति कष्टकर जीवन बिताउनुपर्छ भन्ने कुरा विभिन्न देशहरूबाट देख्न सकिन्छ। प्रजातन्त्र नभएका देशहरूमा नागरिकले आफ्ना धेरै अधिकारहरू कुण्ठित गर्नुपर्ने अवस्था देखिएको छ ।

उत्तर कोरिया प्रजातन्त्रविहीन देश भएकै कारण त्यहाँका नागरिकले पनि निकै कष्टकर जीवन व्यतीत गरिरहनुपरेको प्रतिवेदनमा उल्लेख छ। निरंकुश राज्यव्यवस्था र नेतृत्वको सुरक्षाका लागि अत्यधिक नियमन र सजायको व्यवस्थाले समाज नै भयभित पारिएको छ । सरकारी कर्मचारीभयभित छन् । कूटनीतिक सेवामा गएकालाई नभागुन भनेर उनका परिवारमाथि नियमन, निषेध र निगरानी राख्ने गरिएको छ ।

जेल सजाय भोगेकालाई विदेशमा श्रम गर्न पठाइन्छ, गरेको आम्दानीको ठूलो हिस्सा राज्यलाई दिनुपर्ने हुन्छ ।

बालबालिकालाई राजा र रानीको रूपमा प्रचार गरिए पनि ठूलो विभेद भएका घटनाहरू सार्वजनिक भएका छन् । गैरसमाजवादको फैलावट रोक्ने अनेक उपाय गरिएका छन् । किमइलसुङ, किम जोङ इल र किन जोङ उन राज्यनीति, सिद्धान्त हुन्, पद्धति हुन्, राष्ट्र हो, राष्ट्रियता हो । सबै थोक हो भन्ने भावना फैलाइएको छ। पार्टी र एकात्मक नेतृत्वका लागि १० सिद्धान्त भनिएको छ, यथार्थमा किम जोङ उन नै सर्वेसर्वा हुन् । निष्कर्षमा भन्नुपर्दा उत्तर कोरियाको मानवाधिकारको मूल्यांकन, अवलोकन र अनुसन्धान निरन्तर हुनुपर्ने देखिन्छ ।

प्रजातन्त्र नभएकै कारण उत्तर कोरियाका नागरिकहरूले भोग्नुपरेको पीडा र कष्टका विषयमा अध्ययन प्रतिवेदन सार्वजनिक भएको छ । जीवनको अधिकार सबैभन्दा मौलिक अधिकार हो र सबै मानवअधिकारको आधार हो । सरकारी संस्थाहरूले जीवनबाट वञ्चित गर्ने कार्यलाई कडाइका साथ नियमन र कानुनद्वारा प्रतिबन्धित गर्नुपर्छ। व्यक्तिगत राज्यको घरेलु कानुनद्वारा मृत्युदण्ड कानुनी भएता पनि निष्पक्ष परीक्षण प्रत्येक व्यक्तिको अधिकार (आइसिसिपीआरको धारा १४) को कारणले निष्पक्ष, संक्षेप र स्वेच्छाचारी मृत्युदण्डहरू निषेधित हुनुपर्छ। उत्तर कोरियामा सार्वजनिक मृत्युदण्डको रूपमा प्रयोग गरिएको प्रतिवेदनमा उल्लेख गरिएको छ। सचेतना बढाएर र सामाजिक रूपमा विचलित व्यवहारहरूले गम्भीर परिणामहरू ल्याउने डरलाई उक्साएर सामाजिक नियन्त्रण विधि उत्तर कोरियाले अपनाएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

## टोकियो विमानस्थल दुर्घटनाबारे अनुसन्धान हुँदै

**टोकियो–** जापानको राजधानी टोकियोस्थित हानेदा विमानस्थलमा मंगलबार साँझ जापानको तटरक्षक विमान र जापान एयरलाइन्स (जेएएल) यात्रुबाहक विमान एकआपसमा ठोक्किएर भएको दुर्घटनाको कारणबारे अनुसन्धान सुरू गरिएको जापानको यातायातसम्बद्ध अधिकारीहले बताएका छन् ।

दुर्घटनामा पाँच जनाको मृत्यु भएको थियो भने विमानस्थलको प्रयोग गरी अवतरण र उडान भर्ने ३०० भन्दा बढी उडान रद्द भएका थिए । हवाईजहाज, रेल र पानीजहाजमा भएका गम्भीर दुर्घटनाको अनुसन्धान गर्ने सरकारी निकाय जापान यातायात सुरक्षा बोर्डले बुधबार दिउँसो विमानको भग्नावशेषको जाँच गरेको छ भने प्रहरीले पनि दुर्घटनास्थलको निरीक्षण गरेको थियो ।

सुरक्षा बोर्डले सामुद्रिक सुरक्षा गार्डको विमानको फ्लाइट र भ्वाइस रेकर्डर भेट्टाएको र होक्काइदो प्रान्तको न्यु चिटोस विमानस्थलबाट उडेको जापान एयरलाइन्सको विमानको फ्लाइट र भ्वाइस रेकर्डर खोजी गरिरहेको स्थानीय सञ्चारमाध्यमहरूलेअधिकारीहलाई उद्धृत गरी जनाएका छन् ।

‘हानेदा एयर ट्राफिक कन्ट्रोलरले दुर्घटना हुनुअघि यात्रुवाहक विमानलाई धावनमार्गमा अवतरण गर्न अनुमति दिएका थिए र कोस्ट गार्ड विमानलाई ‘छोटो समयका लागि धावन मार्गमा पर्खिन’ निर्देशन दिएका थिए,’ जापानको यातायात मन्त्रालयको स्रोतलाई उद्धृत गर्दै राष्ट्रिय प्रसारणकर्ता एनएचकेले जनाएको छ ।

जापानको राष्ट्रिय समाचार एजेन्सी क्योदोले जापान एयरलाइन्सलाई उद्धृत गर्दै भनेको छ, ‘विमानका चालक दलका सदस्यले एयर ट्राफिक कन्ट्रोलको पुष्टि भएपछि अवतरण प्रक्रिया अघि बढाएको र उडानका क्रममा विमानमा कुनै असामान्यता नभएको बताएका थिए ।’

दुर्घटनाका कारण विमानस्थलका सबै धावनमार्ग केही घण्टाका लागि बन्द गर्नुपरेको थियो जसका कारण हानेदाबाट आउने र जाने २२६ उडान रद्द भएका थिए जसका कारण ४० हजारभन्दा बढी यात्रु प्रभावित भएका थिए ।

बुधबार तीनवटा धावनमार्ग खुला गरिए पनि दिनभरि करिब १०० वटा उडान बन्द भएका छन्, जसका कारण १९ हजार यात्रुको यात्रा योजना प्रभावित भएको बताइएको छ। स्थानीय समयअनुसार मंगलबार साँझ ६ बजे एआरएल फ्लाइट ५१६, एयरबस ए-३५० हानेदाको सी-रनवेमा अवतरण गर्ने क्रममा कोस्ट गार्डको विमान एमए-७२२ र बम्बार्डियर ड्यास-८ दुर्घटना हुँदा दुवै विमानमा आगो लागेको थियो ।

एमए-७२२ विमानमा सवार चालक दलका छ सदस्यमध्ये पाँच जनाको मृत्यु भएको पुष्टि भएको छ भने दुर्घटनापछि विमानबाट उम्कनसफल क्याप्टेन गम्भीर घाइते भएका छन् । कोस्ट गार्डका प्रवक्ता योशिनोरी यानागिशिमाका अनुसार मध्य जापानमा सोमबार अपराह्न ७.६ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएपछि हानेदा विमानस्थल बेससँग सम्बन्धित कोस्ट गार्डको विमान निगाता प्रान्तको भूकम्पप्रभावित क्षेत्रका लागि राहत सामग्री ढुवानी गर्न धावनमार्गमा विस्तारै गुडिरहेको थियो ।

यात्रुबहाक विमानमा सवार सबै ३६७ यात्रु र चालक दलका १२ सदस्य विमानबाट उम्कन सफल भएका छन् । टोकियोको दमकल विभागका अनुसार दुर्घटनापछि आगो निभाउन आठ घण्टाभन्दा बढी समय लागेको थियो । *रासस/एएफपी*

## टर्कीको मूल्यवृद्धि ६५ प्रतिशतको हाराहारीमा

**इस्तानबुल–** टर्कीको वार्षिक मुद्रास्फीति दर डिसेम्बरमा ६५ प्रतिशत अर्थात् सन् २०२३ कै उच्च बिन्दुमा पुगेको छ। मुद्रास्फीति दर मे महिनासम्ममा ७०-७५ प्रतिशत पुग्ने प्रक्षेपण अर्थशास्त्रीहले गरेका छन् ।

यद्यपि, राष्ट्रपति रेसेप तैयप एर्दोगानको बजारमामिला अध्ययन गर्ने अर्थशास्त्रीले नयाँ टोलीले आगामी चार महिनाभित्र मुद्रास्फीति अहिलेसम्मकै उच्च बिन्दुबाट घट्न थाल्ने बताएका छन् । दशकौं लामो उच्च मुद्रास्फीति दर सन् २०२२ को अक्टोबरमा ८५ प्रतिशत पुगेको थियो र त्यसपछि स्थिर आरोहण सुरु हुनुअघि नै यो दर घटेको थियो ।

टर्कीको आधिकारिक वार्षिक मुद्रास्फीति दर डिसेम्बरमा ६४.७७ प्रतिशतसम्म पुगेको छ, जुन नोभेम्बरमा ६१.९८ प्रतिशत रहेको थियो । मासिक २.९३ प्रतिशतको वृद्धिदर विगत छ महिनामा सबैभन्दा कम हो ।

कोनोटोक्सिया इन्भेस्टमेन्ट हाउसका बजार विश्लेषक बार्टोस्ज साविकीले भन्नुभयो, ‘मुद्रास्फीतिको प्रवृत्तिमा केही सुधार आएको छ र पछिल्ला महिनाहरूमा मुद्रास्फीति दर स्थिर भएको छ ।’ क्यापिटल इकोनोमिक्सका लियाम पीचका अनुसार पछिल्लो तथ्यांकले केन्द्रीय बैंकलाई सामान्यतया सान्त्वना दिने छ ।

उच्च ब्याजदरलाई ‘सबै दुष्टहरूको आमा र पिता’ भनेका एर्दोगानलाई विश्लेषकले यसका लागि जिम्मेवार देखेका छन् । राष्ट्रपति एर्दोगानले सन् २०२१ मा ‘नाम मात्रको स्वतन्त्र’ केन्द्रीय बैंकलाई उधारो लागत घटाउन निर्देशन दिनुलाई विश्लेषकले मुद्रास्फीतिको शृंखलालाई बढाउने वर्तमान समस्याको जड मानेका छन् ।

गत वर्षको मे महिनामा पुनः चुनाव जितेपछि आफ्नो पुरानो प्रतिबद्धतालाई उल्टाउँदै अर्थतन्त्र सुधारका लागि अग्रसरता लिन उनले टर्कीका चर्चित अर्थविद् मेहमेट सिम्सेकलाई अर्थमन्त्रीको रूपमा र पूर्व वालस्ट्रिटका कार्यकारी प्रमुख हाफिज गए एर्कानलाई केन्द्रीय बैंकको गभर्नरमा नियुक्त गरेका थिए ।

एर्दोआनको उच्च ऋण लागतको विगतको घृणालाई तोड्दै केन्द्रीय बैंकले महत्त्वपूर्ण ब्याजदरलाई ४२.५ प्रतिशतबाट ८.५ प्रतिशतमा झारेको छ । दुई दशकभन्दा बढी सत्तामा रहेपछि आर्थिक नीति उल्टाउने बृहत् संकेत एर्दोगानले नयाँ कार्यक्रमलाई समर्थन गरेका छन् । *रासस/एएफपी*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-ATHEER INTERNATIONAL TRADING EST

पूर्व स्वीकृति मिति: २०८०/०९/१३ | LT No. 297435 | चलानी नं. ६०२१२४६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 4 | 0 | 1000 | ३५,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ORIENTAL COFFEE CORNER CAFE TO SERVE DRINKS

पूर्व स्वीकृति मिति: २०८०/०९/१३ | LT No. 297434 | चलानी नं. ६०२१२४६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 1 | 0 | 1000 | ३५,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० पौष २६ गते (11th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Faraz International Overseas Pvt. Ltd

Govt. License 1553/079/80

Gaurinagar-7, Chabahil, Kathmandu, Contact: 9847416116
Email: hiringalfaraz@outlook.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DALAL AHMED BIN KHALED AL MELHEM REAL ESTATE EST

पूर्व स्वीकृति मिति २०८०/०६/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१८ | LT. No. 293545 | चलानी नं. ६०२०८७५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 1 | 0 | 1500 | ५३,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAZAYA AL SARAWAT FACTORY FOR INDUSTRY

पूर्व स्वीकृति मिति २०८०/०९/१८ | LT. No. 297377 | चलानी नं. ६०२१२४८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Labour | 1 | 0 | 1200 | ४१,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FOOD TREE FOUNDATION TO SERVE MEALS

पूर्व स्वीकृति मिति २०८०/०१/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१८ | LT. No. 284863 | चलानी नं. ६०२००३४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 28 | 0 | 1200 | ४१,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० पौष २६ गते (11th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रू. १५००/- कामदार आफैंले    सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## MACAU मा वैदेशिक रोजगारको अवसर

कम्पनी : RCG HUMAN RESOURCE CONSULTING LIMITED

पूर्व स्वीकृति मिति २०८०/०२/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१८ | LT. No. 287158 | चलानी नं. ६०२०२५६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव MOP | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Basement, Baggage Services Agent | 3 | 0 | 8240 | १३४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | | १ वर्ष |
| 2 | Cabin Service Agent | 3 | 0 | 7180 | ११७,१४५ | | | | | | | |
| 3 | Cargo Service Agent | 3 | 0 | 8240 | १३४,४४० | | | | | | | |
| 4 | Load Control Centre Services Agent | 3 | 0 | 8980 | १४६,५१५ | | | | | | | |
| 5 | Passenger Service Agent | 10 | 0 | 8980 | १४६,५१५ | | | | | | | |
| 6 | Ramp Service Agent | 3 | 0 | 7400 | १२०,७३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० पौष २६ गते (11th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | जाँदा कामदारले/फर्किंदा रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः ८०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AP OVERSEAS PVT. LTD

Govt. License 826/066/67

Sorakhutte, Link Road, KTM, Nepal, Tel: +977-01- 4988574, 4988485,E-mail: apoverseasktm@yahoo.com, info@apoverseas.com.np,Website : www.apoverseas.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनीः AL TAREEQ AL MUMTAZ GENERAL TRANSPORTING

पूर्व स्वीकृति मिति २०८०/०६/१६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१८ | LT. No.293139 | चलानी नं. ६०२०८५६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Archieve Clerk. | 2 | 0 | 2200 | ८०,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bus Driver | 20 | 0 | 1800 | ६५,६४५ | | | | | | | |
| 3 | Heavy Vehicle Driver | 25 | 0 | 1800 | ६५,६४५ | | | | | | | |
| 4 | Light Vehicle Driver | 20 | 0 | 1500 | ५४,७०५ | | | | | | | |
| 5 | Shovel Operation Driver | 5 | 0 | 1600 | ५८,३५० | | | | | | | |
| 6 | Vehicle Mechanic | 3 | 0 | 1900 | ६९,२९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० पौष २६ गते (11th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE PVT. LTD.

Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com

श्रम ईजाजत नं. ४४८/०६०/०६१

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WONDERFUL GROUP OF COMPANIES

पूर्व स्वीकृति मिति २०८०/०९/१६ | LT. No. 297421 | चलानी नं. ६०२१२४५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 50 | 900 | २८,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० पौष २८ गते (13th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD.

श्रम ईजाजत नं. ३०७/०५९/६०

Sinamangal-9, Kathmandu, Nepal. Tel: + 977-1-4110906, Mobile: 9803411034
Email: service.bhairabintl@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १२०८०० | प्रति तोला – १२०२०० | प्रति तोला – १४५० |



**बजार लाने तयारी** | सप्तरीको राजविराजस्थित पडरियामा माँ भगवती कृषक समूहले लगाएका काउलीखेती बिक्रीका लागि बजार लैजाँदै ।
*तस्बिर: अरूणकुमार यादव/रासस*

# ‘ठूला आयोजना निर्माण सरकारको प्राथमिकतामा’

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले ठूला पूर्वाधार आयोजना निर्माणको काम सरकारको प्राथमिकतामा रहेको बताएका छन् । नेपाल इन्जिनियर्स एशोसियशनको १६औं राष्ट्रिय सम्मेलनको बुधबार उद्घाटन सत्रमा बोल्दै उनले आधुनिक विकासको मुख्य प्राथमिकता पूर्वाधार क्षेत्रमा हुनुपर्ने बताए ।

प्रधानमन्त्री दाहालले सडक, लोकमार्ग, ऊर्जा, विद्युत्, सञ्चार, विमानस्थल, सिँचाइ, खानेपानी तथा ढल निकासका ठूला परियोजना गुणस्तरीय निर्माणद्वारा तोकिएकै समयमा सम्पन्न गर्नसके मात्र आर्थिक विकासको ढोका खुल्ने बताए । पूर्वाधार निर्माणका काममा सुस्तता हुँदा मुलुकको समग्र विकास र आर्थिक समृद्धिको काम पनि सुस्ताउने भएकाले समयमै काम सकेर लाभ लिने गरी ठूला आयोजना निर्माण गरिनुपर्नेमा उनले जोड दिए ।

‘ठूला पूर्वाधारको अभावमा राज्यको ठूलो हिस्सा विकासको प्रतिफलबाट टाढा छ । विकास निर्माण गर्नु भनेको लामो तर जटिल प्रक्रिया हो । यसले समान्य रूपमा गति लिन सक्यो भने कुनै पनि आयोजना तोकिएको अवधिभित्र सम्पन्न गर्न सकिन्छ’, प्रधानमन्त्री दाहालले भने, ‘अनावश्यक विवाद र झमेलाका कारण विलम्ब भइदिँदा समय सीमाभित्र सम्पन्न हुन नसकेका विकास आयोजनामा लागत बढ्दै जाने र राज्यलाई थप आर्थिक भार पर्न गएको अवस्था अहिले देखिन्छ ।’

दश हजार आठ सय मेगावाट विद्युत् उत्पादन क्षमताको कर्णाली चिसापानी, चार सय केभी क्षमताका प्रशारण निर्माणलाई सुशासनको प्रत्याभूति दिलाउने र अर्थतन्त्रका चुनौती सम्बोधन गर्दै अगाडि बढिरहेको उनले उल्लेख गरे । नेपाल सङ्क्रमणकाल पार गरी अब स्थायित्वतर्फ अग्रसर भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले राजनीतिक दलले नागरिकसँग गरेका प्रतिबद्धता र वाचा पूरा गर्ने चुनौतीपूर्ण अवसर आफूले प्राप्त गरेकोसमेत बताए ।

**सडक, लोकमार्ग, ऊर्जा, विद्युत्, सञ्चार, विमानस्थल, सिँचाइ, खानेपानी तथा ढल निकासका ठूला परियोजना गुणस्तरीय निर्माणद्वारा तोकिएकै समयमा सम्पन्न गर्नसके मात्र आर्थिक विकासको ढोका खुल्ने**

सरकारले महत्वका साथ अघि बढाइरहेको प्रधानमन्त्री दाहालको भनाइ छ । विकास निर्माणका काममा अहिले देखिएका विभिन्न खालका कठिनाइलाई चिर्दै अब्बल व्यवस्थापकीय ढङ्गबाट आफ्नो ज्ञान र सीपको सदुपयोग गरेर समयमै परिणाम निकाल्न सकिएमा मात्र जनताको मुहारमा खुसी ल्याउन सकिने उनले बताए । इन्जिनियर्सको क्षमता अभिवृद्धि, पेसागत विकास तथा उन्नयनका लागि इन्जिनियर्स स्टाफ कलेज स्थापना गर्ने विषयमा सरकार सकारात्मक रहेको प्रधानमन्त्री दाहालले बताए ।

प्रधानमन्त्रीका रूपमा आफ्नो तेस्रो कार्यकालको पहिलो वर्षमा भ्रष्टाचार नियन्त्रण गरी

कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले विकास निर्माणका काममा सबै पक्ष र सरोकारवाला जिम्मेवार भएर लाग्नुपर्ने बताए । उक्त सम्मेलनबाट एशोसियशनले दिएका सुझावलाई सरकारले ग्रहण गर्ने र उपयुक्त सुझाव कार्यान्वयनका लागि पहल गर्ने उनले विश्वास दिलाए ।

‘पूर्वाधारबाट देश विकास सम्भव छ । त्यसका लागि हामी सबै उत्प्रेरित भएर, जिम्मेवार भएर काम गरौं । राष्ट्र निर्माणमा के-कस्ता नीति, योजना र मार्गदर्शन बनाउनुपर्छ त्यसको मार्गदर्शनका लागि सबैपक्षसँग सरकारका तर्फबाट अनुरोध गर्दछु’, उनले भने । रोजगारी, वृत्ति विकास, न्यूनतम पारिश्रमिक कार्यान्वयनलगायत विषयमा सरकार गम्भीर रहेको मन्त्री ज्वालाले स्पष्ट पारे । नेपालको जनशक्ति विदेश पलायन हुने समस्या बढ्दै गएको उल्लेख गर्दै मन्त्री ज्वालाले नेपालभित्रै सम्भावना खोज्न पनि आग्रह गरे ।

सहरी विकासमन्त्री सीता गुरुङले विकास निर्माणका कामलाई प्रभावकारी बनाउन समन्वयकारी भूमिका आवश्यकपर्ने बताए । इञ्जिनियरिङ क्षेत्र विकास निर्माणसँग जोडिएको महत्वपूर्ण पक्ष रहेको उल्लेख गर्दै उनले विकास निर्माण आयोजनामा तोकिएको समयभित्र काम सम्पन्न नहुने परिपाटीको अन्त्य गरिनुपर्ने बताए ।

पूर्वाधार आयोजना नागरिकमैत्री हुन नसकेको गुनासो सुनिने गरेकाले इन्जिनियर्सले पूर्वाधार आयोजनाको डिजाइन गर्दा यो पक्षलाई गम्भीर रूपमा हेर्नुपर्ने उनको भनाइ थियो । विकासलाई तीव्र गतिमा अघि बढाउन सकेमात्रै समृद्धि हासिल हुने बताउँदै उनले आयोजनामा म्याद थपको बाटोमा जाने प्रवृत्तिलाई निराकरण गर्न कर्मचारी तहको भूमिका उत्तिकै महत्वपूर्ण हुने बताए । नेपाल इन्जिनियर्स एशोसियशनका अध्यक्ष डा हरिबहादुर दर्लामीले राष्ट्रिय समृद्धिको लक्ष्यलाई साकार पार्न इन्जिनियर्सको ज्ञान र सीपलाई भरपुर प्रयोग गर्न सक्नुपर्ने बताए ।

# ‘उत्पादन गुम्नेगरी घर बनाउनुहुँदैन’

■ प्रभाव संवाददाता

**पाटन– अर्थमन्त्री डा.** प्रकाशशरण महतले भूकम्प प्रभावित क्षेत्रमा पुन:निर्माण अघि बढाउँदा रोजगारी र उत्पादन गुम्नेगरी बासस्थान निर्माण गरिनु नहुने धारणा राखेका छन् । भूकम्प प्रभावित जिल्लाका जनप्रतिनिधिको संयुक्त आयोजनामा आज ललितपुरमा आयोजित जाजरकोट रामिडाँडा भूकम्प प्रभावित क्षेत्रको पुन: निर्माणसम्बन्धी वृहत् अन्तरक्रियामा मन्तव्य राख्दै अर्थमन्त्री डा महतले नागरिकको अपेक्षा बमोजिमको उपयुक्त स्थानमा बासस्थान निर्माण गर्ने गरी पुन:निर्माणका काम अघि बढाउनुपर्ने बताएका हुन् ।

‘नागरिकलाई सुरक्षित गर्ने कुरामा गम्भीर ढङ्गले लागेको छ । पुन:निर्माणका कामलाई प्रभावकारी बनाउन स्रोत र साधनको परिचालन र वितरणमा स्थानीय र प्रदेश सरकारको प्रत्यक्ष सहयोग र कार्यान्वयनमा ध्यान दिनुपर्छ । रोजगारी र उत्पादन गुम्नेगरी बासस्थान निर्माण गरेर पनि सहज हुँदैन, उनीहरूको रोजगारी र उत्पादनलाई पनि सुरक्षित हुने गरी नागरिकको अपेक्षा बमोजिमको उपयुक्त स्थानमा बासस्थान निर्माण गर्ने गरी पुन:निर्माणका काम अघि बढाउनुपर्छ,’ डा महतले भने ।

उनले विपद् व्यवस्थापनमा आवश्यक बजेट उपलब्ध गराउनु नेपाल सरकारको जिम्मेवारी हो भन्दै स्रोत र साधन जुटाएर खर्चको व्यवस्थापन गर्ने प्रतिबद्धता जनाए । डा. महतले जिल्ला विपद् व्यवस्थापन समितिमार्फत स्थानीय तहमा पुर्‍याउनुपर्ने धारणा राख्दै बजेटको सीमाभित्र रहेर काम गर्नुपरेको भए पनि हामी व्यवस्थापन गर्ने प्रयत्न गर्ने प्रष्ट पारे ।

उनले पुन:निर्माणका लागि बजेट नपुग भएको खण्डमा मित्रराष्ट्रका प्रतिनिधिसँग पनि समन्वय गरेर कुन रूपमा सहयोग आउन सक्छ भन्ने केही दिनमै निक्यौल निकाल्ने जानकारी गराए । अब पुन: निर्माणका काम गर्दा ठूलो भूकम्प आउँदा पनि थेग्न सक्ने भवन निर्माण गर्नुपर्नेमा जोड दिँदै सरकारले यसका लागि वडा तहसम्म दक्ष प्राविधिकको व्यवस्थापन गर्ने अर्थमन्त्री महतको प्रतिबद्धता छ ।

पूर्व अर्थमन्त्री तथा प्रतिनिधिसभा सदस्य जनार्दन शर्माले जनजीवनलाई जोड्ने तथा रोजगारी र सीपलाई उठाउने गरी पुन: निर्माणका काम अगाडि बढाउन तीनै तहका सरकारहरूबीच समन्वय र सहकार्य हुनुपर्ने धारणा राखे । उनले भूकम्प प्रभावित क्षेत्रमा एकीकृत बस्ती निर्माणमा जोड दिनुपर्ने बताए । वातावरण संरक्षण सहितको प्रविधिमैत्री पुन:निर्माणका लागि जोड दिँदै विपद् थेग्न सक्ने गरी पुन:निर्माण अगाडि बढाउनुपर्ने धारणा उनको थिए । भूकम्प प्रभावित जिल्लाको भू-भागलाई सङ्कटग्रस्त क्षेत्र घोषणा गरेर प्राथामिकताका साथ त्यहाँको जनजीवनलाई सहज बनाउने गरी पुन:निर्माणका काम तीव्र गतिमा अगाडि बडाउनुपर्नेमा कार्यक्रमका सहभागीले जोड दिएका थिए ।

## कर्पोरेट

### ग्लोबल आइएमईको वार्षिकोत्सवमा २५३ कर्मचारी सम्मानित



**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो स्थापनाको १७औं वार्षिकोत्सवका अवसरमा बैंकमा १५ वर्ष सेवा पुरा गरेका २५३ कर्मचारीहरूलाई सम्मान गरेको छ । बैंकद्वारा आयोजित एक विशेष कार्यक्रमकाबीच ग्लोबल आइएमई बैंक तथा नेपाल उद्योग वाणिज्य महासघंका अध्यक्ष चन्द्रप्रसाद ढकालले बैंकमा १५ वर्षदेखि निरन्तर बैंकमा सेवारत कर्मचारीहरूलाई सम्मान गरेका हुन् । अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंकले मर्जर र व्यवसाय विस्तारसँगै बैंकको गुणस्तर वृद्धिलाई ध्यानमा राख्दै ग्राहकको सेवा तथा सन्तुष्टिलाई प्राथमिकतामा राखेर बैंकको सेवालाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउने बताए । उनले बैंक आफ्नो स्थापनाको १७ वर्षमा आफूलाई अधिकांश वित्तीय सूचकहरूमा अब्बल बनाउन सफल रहेको बताएका छन् । नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकका नीतिहरको परिपालन गर्दै जाँदा बैंक अहिलेको अवस्थामा आइपुगेको बताउँदै लक्ष्य प्राप्ति भन्दा मिहिनेत र लगनशिलतामा जोड दिन आम कर्मचारीहरूलाई आग्रह गरे ।

कर्मचारीको अथक मिहिनेत र लगनशिलताका कारण बैंक अहिलेको अवस्थासम्म आइपुगेको बताउँदै अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंकलाई उत्कृष्ट बैंक बनाउन आफ्नो तर्फबाट पुर्‍याएको विशेष योगदानप्रति सबै कर्मचारीहरूलाई धन्यवाद प्रकट गरे । यसैगरी, बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यले बैंकले आफ्नो सेवालाई नविनतम तथा ग्राहकमैत्री बनाउँदै अहिलेको डिजिटल युगमा समयसापेक्ष सेवा दिनेगरी लक्ष्य निर्धारण गरेर अगाडि बढेको बताए । ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकले ३५५ शाखा, ३७९ एटिएम, २७४ शाखा रहित बैंकिङ्ग सेवा, ६५ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी ११०० भन्दा बढी सेवा केन्द्रबाट ४५ लाखभन्दा बढी ग्राहकहरू माझ सेवा प्रदान गर्दैआएको छ । त्यसैगरी, बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुबेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ ।

### महालक्ष्मी र अपोलो डाइग्नोस्टिकबीच सम्झौता



**काठमाडौं (प्रस)–** महालक्ष्मी विकास बैंक र अपोलो डाइग्नोस्टिक सेन्टरबीच सम्झौता भएको छ । ‘सबल बैंक, सफल सहकार्य’को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत २९ वर्ष देखि अनवरत रूपले गुणस्तरिय वित्तीय सेवा प्रदान गर्दै आएको बैंकले स्वास्थ्य क्षेत्रका संस्थासँग समन्वय गरी अगाडि बढ्ने अभिप्रायका साथ धुम्बाराही, काठमाडौंमा अवस्थित अपोलो डाइग्नोस्टिक सेन्टरसँग सम्झौता गरेको छ ।
सम्झौता पश्चात महालक्ष्मी विकास बैंकका डेविट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरूले उक्त संस्थाका विभिन्न स्वास्थ्य सेवाहरूमा विशेष छुट प्राप्त गर्न सक्नेछन् । यस किसिमको सहकार्यबाट बैंकका डेविट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरू प्रत्यक्ष रूपमा लाभान्वित हुने विश्वास बैंकले लिएको छ । यसका साथसाथै डिजिटल युगसँग नेपाली जनतालाई साक्षातकार गराउने उद्देश्यले बैकले विभिन्न शाखाहरूबाट वित्तीय जनचेतनामुलक कार्यक्रमहरू संचालन गर्दै आएको छ ।

धुम्रपान र मद्यपान नगरौं, स्वस्थ्य जीवन बाँचौं ।

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होइन ।
- यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं ।
- यसले तपाई र तपाईंको परिवारलाई असर पुर्‍याउँछ ।

त्यसैले,
धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ